# अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना
तथा व्यवस्थापन स्नातकोत्तर (एम.एड.)
दोस्रो वर्षको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र


शोधकर्ता
रोहित फुयाल
क्याम्पस क्रमाङ्क : ४७१/२०६८
परीक्षा क्रमाङ्क : २१००४२/२०६९
त्रि.वि.वि. दर्ता नं. : ७-१-२५९-५७-९९



सानोठिमी क्याम्पस
भक्तपुर
माघ, २०७२

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पुरा गर्न "अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव" शीर्षकमा तपाई रोहित फुयालले मेरो प्रत्यक्ष निर्देशनमा रही तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्रको लेखन, प्रस्तुतीकरण, विश्लेषण र निष्कर्षबाट म सन्तुष्ट छु । शोधपत्रको अन्तिम मूल्याङ्कनको लागि शोध मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मितिः १६÷०१/ २०१६

...............................

प्रा. भोला के.सी.

(शोध निर्देशक)

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षका विद्यार्थी रोहित फुयालले आंशिक पाठ्यभार परिपूर्तिका लागि तयार पारिएको "अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव" शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

**१. प्रा. सम्झना बस्नेत** ..........................
विभागीय प्रमुख

**२. प्रा. भोला के.सी.** ..........................
शोध निर्देशक

**३. उपप्रा. नारायण प्रसाद अधिकारी** ..........................
बाह्य परीक्षक

मितिः ४/०२/२०१६

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन मूल विषयको आंशिक आवश्यकता पूरा गर्ने क्रममा यो शोधपत्र तयार पारिएको हो । सामुदायिक विद्यालयको अभिभावकको लगानीले शैक्षिक उपलब्धिमा पारेको प्रभाव  भन्ने शीर्षकमा व्यापक अध्ययन एवम् अनुसन्धान गरी तयार पारिएको यस शोधपत्रमा काभ्रेपलाञ्चोक जिल्ला सुदुरपूर्व कोशीपारी भेगमा रहेका समुदायमा हस्तान्तरित “माध्यमिक” विद्यालयहरू को आम्दानीका स्रोतहरू, अभिभावकहरूको लगानी र प्रतिफल सामुदायिक विद्यालयको आर्थिक अवस्थाको विश्लेषण सिकाइ उपलब्धिमा आर्थिक पक्षले पारेको प्रभाव, यससँग सम्बन्धित समस्या, चुनौती र सम्भावनाहरू अभिभावकको सक्रियता र सहभागिता बढाउन अवलम्बन गर्नुपर्ने उपायहरू पक्षहरूमा अध्ययन गरिएको छ ।

शोधकार्य लेखनमा प्रत्यक्ष रूपमा मार्गदर्शन गर्ने निर्देशन, सल्लाह र प्रोत्साहन दिनुहुने शोध निर्देशक श्रद्धेय गुरू प्राध्यापक भोला के.सी. प्रति हार्दिक अभार एवम् कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्य पूरा गर्ने क्रममा आवश्यक तथ्याङ्क, सूचना तथा जानकारीहरू  प्रदान गरी सहयोग गर्ने अध्ययन क्षेत्रका प्रधानाध्यापक, शिक्षक, शिक्षिका र अभिभावकहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । जि.शि.का. एवम् अन्य प्रत्यक्ष रूपमा तथ्याङ्क सङ्कलनमा रूपमा सहयोग पुर्‍याउने साथीहरू प्रति पनि हार्दिक आभारी छु ।

अन्त्यमा शोधपत्रलाई कम्प्यूटर टाइप गरी सहयोग पुर्‍याउनु हुने युनिर्भसल फोटो कपी एण्ड कम्प्युटर सेन्टर कीर्तिपुरका सुभाष खत्रीलाई पनि विशेष धन्यबाद दिन चाहन्छु ।

**रोहित फुयाल**

# शोधसार

*अभिभावकको लागनीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव विषयमा गरिएको यसशोध कार्यको मुख्य उद्देश्य सामुदायिक विद्यालयमा अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको खोजी गर्नु रहेको छ । यस शोधकार्यका लागि काभ्रे जिल्लाका कोशीपारी स्थित प्रभा स्रोतकेन्द्रका ३ वटा मा.वि.हरूलाई अध्ययन क्षेत्र बनाइएको छ । संख्यात्मक तथा गुणात्मक विधिबाट अध्ययनलाई तथ्याङ्कको औषत, प्रतिशतका आधारमा विश्लेषण र व्याख्या गरिएको छ । शोधकार्यका लागि छानिएका ३ वटा विद्यालयका अभिभावकहरू विद्यार्थीहरू सोही विद्यालयका अभिभावकहरू विद्यार्थीहरू सोही विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरूलाई अभिभावकको लगानीको स्थिति, उनीहरूले भ्रेल्नुपरेका समस्या र निराकरणका उपायका सन्दर्भमा प्रश्नावली तथा अन्तर्वार्ताको प्रयोग गरी तथ्याङ्को सङ्कलन गरिएको छ भने शैक्षिक उपलब्धिलाई विद्यार्थीहरूको उपलब्धि तथ्याङ्कलाई समेटिएको छ । ती विद्यालयका प्रधान अध्यापकहरू ३ जना, शिक्षक ९ जना, अभिभावक ९ जना, विद्यार्थीहरू १५ जना, विद्यालय व्यवस्थापन अध्यक्ष गरी जम्मा ३९ जना सँग प्रत्यक्ष प्रश्नावली, अन्तर्वार्ता, भेटघाट गरिएको थियो । यस अध्ययनका क्रममा प्राथमिक स्रोत भित्र विद्यालयका प्रधान अध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्षलाई भेटेर अन्तर्क्रिया, छलफल गराई तथा प्रश्नावली भर्न लगाई तथ्याङ्क सङ्कलन गरिएको थियो भने द्वितीय स्रोतको रूपमा विद्यार्थीका अभिलेख, विभाग, संगठन र कार्यालयका प्रकाशनहरू र यस विषय सँग सम्वन्धित इन्टरनेटलाई प्रयोगमा ल्याइएको छ । यो अध्ययन गर्नका निम्ति जनसंख्यालाई उद्देश्यमूलक नमुना छनोटका आधारमा परेका व्यक्तिहरूलाई उत्तरदाताको रूपमा लिइएको थियो । उत्तरदाताबाट प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गरी निश्कर्ष निकालिएको छ । यस अनुसन्धानबाट प्राप्त सूचना तथा जानकारीहरूलाई विश्लेषण गर्न चेष्टर आइ बनार्डले प्रतिपादन गरेको व्यवहारात्मक बिज्ञान सिद्धान्तको प्रयोग गरेको छ ।*

*शिक्षामा अभिभावकको आर्थिक लगानी महत्वपूर्ण रहेको र यसले विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याई कम लगानीमा गुणात्मक शिक्षा उपलब्ध गराउन मद्दन पुऱ्याएको पाइएको छ । यस स्रोत केन्द्रका मा.वि.हरूमा सरकारी अनुदानको हिस्सा ८० प्रतिशत र अभिभावकको लगानीको हिस्सा केवल २० प्रतिशत मात्र देखिन्छ । शैक्षिक अवस्थानमा परिमाणात्मक नतिजा सन्तोषजनक देखिएको छ ।*

*शिक्षित परिवारमा शैक्षिक लगानी उच्च रहेको ब्राह्मन क्षेत्री परिवारमा शैक्षिक लगानी उच्च रहेको साथै शैक्षिक उपलब्धि समेत उत्कृष्ट रहेको पाइएको छ । अभिभावकको लगानीले माध्यामिक तहका विद्यार्थीहरू को शैक्षिक उपलब्धिमा पारेको प्रभाव लाई दृष्टिगत गरी नीतिगत कार्यान्वियन र अनुसन्धान तहका उपायहरू  प्रस्तुत गरिएको छ भविष्यमा अभिभावकको आर्थिक लगानीमा बृद्धि गरी शैक्षिक सुधार गर्नुपर्ने देखिन्छ र माध्यमिक तहका विद्यार्थीहरूको सिकाइ स्तर तथा  अभिभावकको आर्थिक लगानीका समस्या र सिकाइ एवम् उपलब्धिको प्रवृत्तिगत अवस्था विषयमा थप अध्ययनका लागि आवश्यक छ । यस अध्ययनबाट प्राप्त परिणमलाई नतिजामुखि बनाउन शैक्षिक संस्थामा राजनितिक हस्तक्षेप हटाई शिक्षा ऐन नियमावलीलाई प्रभावकारी कार्यान्वियन गर्नु पर्दछ । असल कामका लागि पुरस्कार र खराव कामका लागि दण्डको प्रभावकारी कार्यान्वियन गरिनु पर्दछ । यसरी सम्पूर्ण सम्वन्धित सरोकारवाला पक्ष, सरकारी निकाय, शिक्षक प्रशाशक, निति निर्मातालाई उक्त सुझाव दिन आवश्यक ठानेको छु ।*

# विषयसूची


| | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| शोध-सार | iv |
| विषयसूची | vi |
| तालिकासूची | vii |
| **परिच्छेद एक** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | १० |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | १० |
| १.६ अध्ययनको परिसिमा | १० |
| १.७ शब्दावलीको क्रियात्मक परिभाषा | ११ |
| **परिच्छेद दुई** | |
| **सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १२ |
| २.२ सैद्धान्तिक खाका | १८ |
| २.३ पुनरावलोकनको उपदेयता | १८ |
| **परिच्छेद तीन** | |
| **अध्ययन विधि र प्रक्रिया** | |
| ३.१ अनुसन्धान ढाँचा | २० |
| ३.२ जनसंख्या र नमुना छनोट | २१ |
| ३.३ तथ्याङ्क सङ्कलन स्रोत | २१ |
| ३.३.१ प्राथमिक स्रोत | २२ |
| ३.३.२ सहायक स्रोतः | २२ |

३.४ तथ्याङ्क सङ्कलनका साधनहरू २२

३.४.१ अन्तर्वार्ता सूची २२

३.४.२ अवलोकन फारम २२

३.४.३. समूह छलफल २२

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २४

३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २४


**परिच्छेद चार**

**नतिजाको विश्लेषण**


४.१ माध्यमिक विद्यालयहरूमा अभिभावकको लगानीको अवस्था २५

४.१.१ अभिभावकको आयस्रोत २६

४.१.२ अभिभावकको आर्थिक लगानीको स्थिति २६

४.१.३ अभिभावकको सहभागिता र सक्रियता २८

४.२ अभिभावकको आर्थिक्कलगानीले बालबालिकाको सिकाइ उपलब्धिमा पारेको प्रभाव ३२

४.२.१ विद्यालयमा विद्यार्थीको उपस्थिति र नियमितता ३२

४.२.२ शैक्षिक उपलब्धि ३३

४.२.३ शैक्षिक सामग्री ३४

४.२.४ पोशाक र खाजा ३५

४.३ अभिभावकको शैक्षिक लगानीको समस्या र चुनौतीहरू ३५

४.३.१ गरीवी ३६

४.३.२ जनचेतना ३७

४.३.३ बेरोजगारी ३८

४.३.३ सामाजिक असमानता ३८

४.४ अभिभावकको आर्थिक लगानीलाई विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभावकारी बनाउने उपायहरू ३९

४.४.१ सामाजिक सचेतना ३९

४.४.२ सम्वन्ध र समन्वयको स्थापना ४२

४.४.३ अभिभावक शिक्षा र अभिभावक भेलाको आयोजना ४३

४.४.४ गरीवी निवारण कार्यक्रम सञ्चालन ४४

४.४.५ सिकाइ उपलब्धिलाई उच्चतम बनाउने उपायहरू ४६

## परिच्छेद पाँच

## निष्कर्ष तथा सुझाव

५.१ निष्कर्ष ४८

५.२ सुझाव ५०

५.२.१ नीतिगत तह ५०

५.२.२ कार्यान्वयन तह ५०

५.२.३ अनुसन्धान तह ५१

सन्दर्भसामग्री

अनुसूची १ अभिभावकको आर्थिक लगानीले माध्यमिक तहका विद्यार्थीको शैक्षिक उपलब्धिमा पुगेको सहयोग सम्बन्धमा प्रधानाध्यापकका लागि सोधिएका प्रश्नावली

अनुसूची २ अभिभावकको आर्थिक लगानीले माध्यमिक तहका विद्यार्थीको शैक्षिक उपलब्धिमा पुगेको सहयोग सम्बन्धमा अभिभावकको लागि सोधिएको प्रश्नावलीहरू

अनुसूची ३ अभिभावकको आर्थिक लगानीले माध्यमिक तहका विद्यार्थीको शैक्षिक उपलब्धिमा पुगेको सहयोग सम्बन्धमा शिक्षकका लागि सोधिएका प्रश्नावलीहरू

अनुसूची ४ अभिभावकको आर्थिक लगानीले माध्यमिक तहका विद्यार्थीको शैक्षिक उपलब्धिमा पुगेको सहयोग सम्बन्धमा व्यवस्थापकका लागि सोधिएको प्रश्नावलीहरू

अनुसूची ५ अभिभावकको आर्थिक लगानीले माध्यामिक तहका विद्यार्थीको शैक्षिक उपलब्धिमा पुगेको सहयोग सम्बन्धमा विद्यार्थीका लागि सोधिएका प्रश्नावलीहरू

# तालिकासूची


पेज नं.

तालिका ४.१ प्रभा स्रोतकेन्द्र अन्तर्गतका मा.वि.हरूमा अभिभावकको लगानीमा सहभागिताको स्थिति २७

तालिका ४.२ प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूमा अभिभावकहरूको आर्थिक लगानीको स्थिति ३१

तालिका ४.३ माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि ४१

तालिका ४.४ सम्पूर्ण नमूना विद्यालयहरूको आम्दानीका स्रोतहरू ४२

तालिका ४.५ शैक्षिक उपलब्धि सहयोगमा अभिभावकको आर्थिक लगानीको पर्याप्तता ४३

# परिच्छेद एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा विकासको आधार हो । सम्पूर्ण देश विकासको स्रोत शिक्षा हो । शिक्षा जीवनको तयारी हो । स्वास्थ्य शिक्षा, सुरक्षा र जीवन शैलीमा भएको परिवर्तन र प्रविधिगत मागका कारण जीवनस्तर सुधार्नका लागि समय, श्रम र पूँजीको लगानीमा वृद्धि भएको हो । साथै विश्वव्यापीकरणको परिणाम स्वरूप निम्त्याइएको जटिलताले मानिसलाई आफ्नो शिक्षामा लगानी गर्नुपर्ने र शैक्षिक तयारीमा बढी समय खर्चिनु पर्ने स्थिति सृजना गरेको छ (काफ्ले, २०६४) ।

जुनसुकै समाजमा शिक्षा र अर्थशास्त्र बीच प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । यस किसिमको सम्बन्ध लगानी र परिणामको तहमा हुन्छ । यसै सन्दर्भमा Levin का अनुसार (1995, Lited in Kafle et. al. 2008) भन्दछन्, “शिक्षामा आवश्यक आम्दानीका स्रोतहरू जुटाउने विधि त्यसको प्रभावकारी खर्चको बाँडफाँड समेटिएको शास्त्रलाई वित्तिय अर्थशास्त्र भनिन्छ ।” शिक्षामा कति खर्च गर्ने ? कसले गर्ने ? शिक्षामा गरेको लगानीले विद्यालयमा कस्तो प्रभाव पारेको छ ? त्यसबाट लगानी अनुरूप प्रतिफल प्राप्त भयो वा भएन ? आदि प्रश्नहरू विद्यालयको वित्तिय अर्थशास्त्रका चिन्तनका विषयवस्तु हुन् (काफ्ले, बासुदेव तथा अन्य, २०६५) । कुनै पनि देशको शिक्षाको अवस्था त्यस देशको शैक्षिक लगानीले प्रष्ट पार्दछ । निश्चित शैक्षिक योजनालाई समय अनुसार, जनताको इच्छा र माग लाई उचित स्थान प्रदान गर्ने गरी लागू गर्नुपर्दछ । शैक्षिक लगानी उचित प्रभावकारी र आवश्यकतामुखी ढंगले गर्‍यो भने शैक्षिक उपलब्धि परिमाणात्मक र गुणात्मक एवम् एवम् फलदायी हुन्छ । शिक्षामा गरिने लगानी मध्ये एउटा अभिभावकको आर्थिक लगानी पनि हो ।

जबसम्म देशका सम्पूर्ण जनतालाई शिक्षा प्रदान गर्न सकिन्न तबसम्म देश विकासको गतिमा तीव्रता ल्याउन सकिन्न किनकि देश विकासको मुख्य साधन भनेको नै मानवीय साधन हो । यही कुरालाई मनन गर्दै आज संसारभरि नै शिक्षालाई सर्वसुलभ बनाउन, शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्न र शैक्षिक क्षति कम गर्न विभिन्न कार्यक्रमहरू

सञ्चालित छन् । अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा, सबैका लागि शिक्षा, लक्षित समूहका निमित्त छात्रवृत्ति जस्ता कार्यक्रमहरू र शिक्षाको समान अवसर जस्ता नाराहरू परिपूर्ति गर्न नेपाल सरकार र विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरू लागिपरेका छन् । तथापि विश्वका लगभग एक तिहाइ जनता अझ पनि निरक्षर छन् । महिला, दलित, पिछडिएका समूदायको अवस्था अझ नाजुक छ । मुलुकमा शिक्षा क्षेत्र स्रोत र साधनको अभावका कारण आशातीत लक्ष्यमा पुग्नसमेत सकेको छैन । विभिन्न समस्याका कारण हाम्रो देशमा 'सबैका लागि शिक्षा' भन्ने विश्वव्यापी लक्ष्य प्राप्त गर्न कठिन र जटिल अवस्था भोगिरहेको छ । सरकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगका साथ व्यावहारिक एवम् प्रभावकारी रूपमा शैक्षिक लक्ष्यहरू प्राप्त गर्न प्रतिबद्ध छ (शिक्षा विभाग, २०६४) ।

शिक्षा मानव सभ्यताका लागि एक अपरिहार्य आवश्यकता हो । शिक्षा राष्ट्रको मेरूदण्ड हो । शिक्षाकै माध्यमबाट सभ्य समाजको निर्माण  हुन्छ । शिक्षामा समान अवसर र पहुँच हुनु पर्दछ । विना भेदभाव सबैले शिक्षा प्राप्त गर्ने अवस्थाको सिर्जना गर्नु पर्दछ । शिक्षामा सबै नागरिकले समानरूपले भाग लिन पाउनु पर्दछ । खास गरी संयूक्त राष्ट्र संघको स्थापना(२४ अक्टुवर १९४५) पश्चात शिक्षालाई हेर्ने दृष्टिकोण परिवर्तन भयो अर्थात सामाजिक नीतिमै परिवर्तन आउन थाल्यो । १० डिसेम्बर १९४८ मा संयूक्त राष्ट्रसंघ को महासभाले 'मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा' नामक प्रस्ताव पारित गरेपछि शिक्षालाई आधारभूत अधिकार तथा मानवअधिकारका रूपमा लिन थालियो । त्यस प्रस्तावबाट के पुष्टि हुन्छ भने प्रत्येक व्यक्तिलाई शिक्षा प्राप्त गर्ने अधिकार छ भन्ने कुरा स्पष्ट हुन्छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले धारा १७ मा शिक्षा सम्वन्धी हकलाई स्थान दिंदै प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने हकको प्रत्याभूति गरेको छ । धारा २१ मा सामाजिक न्यायलाई प्राथमिकता दिंदै आर्थिक, सामाजिक र शैक्षिक रूपले पछि परेका महिला दलित, आदिवासी,जनजाती लगायत उत्पीडित, किसान, गरिव मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका हरेक संरचनामा सहभागी हुन सक्ने कुरा उल्लेख गरेको छ । शिक्षा ऐन तथा नियमावालीमा समाहित शिक्षालाई जोड दिंदै विशेष शिक्षा साधारण शिक्षा सरह हुने व्यवस्था गरिएको छ ।

ढकाल (२०६९) नेपालमा बहुदलिय प्रजाातन्त्रको पुनर्स्थापना सँग वि.सं. २०४६ साल पछि शैक्षिक सुधारका लागि सुझाव लिन सरकारले विभिन्न आयोगहरू गठन गऱ्यो । गठित आयोगहरूले विभिन्न सुझावहरू प्रस्तुत गरे, तदनुरूप राष्ट्रिय शिक्षाका कतिपय उद्देश्य, नीति, कार्यक्रम समयानुकुल परिमार्जन र लागू हुँदै गए । पहिलो पटक गठित शिक्षा सम्बन्धी उच्च स्तरीय कार्यसमिति २०५८ ले विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणा पत्र सरकार समक्ष प्रस्तुत गऱ्यो र यसैलाई आधार मान्दै निर्वाचित सरकारले संसद मार्फत शिक्षा ऐन २०२८ लाई वि्सं. २०५८ मा सातौ संशोधन गरी शैक्षिक विकेन्द्रीकरणको अवधारणालाई व्यवहारमा रूपान्तरण गऱ्यो । यो संशोधनले साविकको "सार्वजनिक विद्यालयलाई सामुदायिक विद्यालय र निजी विद्यालयलाई संस्थागत विद्यालयमा रूपान्तरण गऱ्यो ।" यसै सन्दर्भमा नेपाल सरकारले २०५९ सालदेखि सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा समुदायलाई नै जिम्मा दिने नीति लियो र सामुदायिक विद्यालयहरू समुदायमा जाने क्रम पनि सुरु भयो । यसबाट अभिभावकको भूमिका बढ्न थाल्यो ।

काभ्रेपलाञ्चोक जिल्लामा विद्यालयको संख्यात्मक र गुणात्मक स्थिति सन्तोषजनक रहेपनि कोशीपारी भेग र डाँडापारी भेगका विद्यालयको भौतिक, शैक्षिक र आर्थिक अवस्था भने तुलनात्मक रूपमा सन्तोषप्रद देखिँदैन । प्रभा उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गतका माध्यमिक विद्यालयमा अभिभावकको सक्रियता, सहभागिता, अभिभावकको प्रत्यक्ष आर्थिक लगानीले शैक्षिक उपलब्धिमा पुऱ्याएको सहयोगको विश्लेषणात्मक अध्ययन गरिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्षहरूले प्रभा उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गतका मा.वि. विद्यालयका प्रशासक, अभिभावकका विद्यार्थी जि.शि.का. काभ्रे स्थानीय सरोकारवाला आदिलाई सहयोग पुऱ्याउने आशा गर्न सकिन्छ ।

परापूर्वकालको नेपालले शिक्षाको स्थिति र लगानीका स्वरूपहरू प्रकाशमा ल्याएको पाइदैन । तापनि गुरूकूल शिक्षामा विद्यार्थीहरूले गुरूको पालनपोषणको लागि सिधा दिने परम्परा थियो । त्यस समयमा शिक्षा दानबाट गुठी बनाउने प्रचलन बढ्यो । त्यसपछि शिक्षकहरूलाई आफ्नै घरमा बोलाइ पढ्ने चलन बढ्यो । समूहमा मिलेर शिक्षकको

तलबभत्ता दिने परम्परा बस्यो । त्यसपछि राष्ट्रिय ढुकुटीबाट शिक्षामा खर्च भएको पाइन्छ । सरकारले मालपोत निकासी कर जंगल शुल्क र अर्थकरबाट आएको केही अंश विद्यालयलाई दिँदै आउन थालेको पाइन्छ ।

काफ्ले (२०६४) शिक्षामा निजी, सार्वजनिक र वैदेसिक लगानीका स्वरूपहरू हुन्छन् । निजी स्रोतमा हुने लगानी समुदायका हुने लगानी, परिवारमा हुने लगानी, व्यक्तिमा हुने लगानी आदि लगानीका स्वरूपहरू हुन् । अभिभावकले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा शैक्षिक लगानी तथा खर्च गर्दछन् । प्रत्यक्ष खर्च जस्तैः शुल्क, किताव कापी खरिद, लुगा, कपडाहरू पर्दछन् भने अप्रत्यक्ष खर्च अन्तर्गत लागत, अवसर मौका आदि सबै पर्दछन् । अभिभावकले शुल्क तिरेर लगानी गर्दछन् । उनीहरूले शिक्षण सामग्री, पाठ्यपुस्तक पुस्तकालय, खेलकुद, प्रयोगशालामा लगानी गर्नुपर्ने हुन्छ । त्यसरी अवसर लागतहरूको संरक्षण र प्रयोग गर्ने काम अभिभावकको हुन्छ ।

शर्मा (२०६६) विद्यालयले हरेक वर्ष आय-व्याय सहितको वार्षिक बजेट व्यवहारिक हुने गरी प्रस्तुत गर्नुपर्दछ । यसमा लागत साझेदारीका आधारमा अभिभावकको आर्थिक लगानीलाई समावेश गरि अपनत्वभावको विकास गराई शैक्षिक उपलब्धि बढाउनु पर्दछ । विद्यालयको शैक्षिक, भौतिक, आर्थिक गतिविधिहरू विद्यालयले तयार गर्ने वार्षिक बजेटमा निर्भर रहन्छन्। विद्यालयको उद्देश्य विद्यार्थीहरूलाई प्रभावकारी शिक्षण पद्धति अनुरूप शिक्षा प्रदान गरी अधिकतम शैक्षिक उपलब्धि हासिल गर्न सक्षम गराउने हुनुपर्दछ । विद्यालयको आम्दानीको स्रोतहरू कम छन् र प्राप्त आम्दानीको मात्रा थोरै छ भने विद्यालयले गुणस्तरीय शिक्षा प्रदान गर्न अप्ठ्यारो पर्दछ ।

शिक्षामा सरोकार राख्ने सरकारको लगानी विद्यार्थीको लगानी र अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धि बढाउन, शैक्षिक चक्रिय नोक्सानी घटाउन, शिक्षालाई गुणस्तरीय बनाउन महवपूर्ण भूमिका खेल्दछ । सिकाइ उपलब्धि बढाउन समुदायको सहभागिता अपरिहार्य रहेको हुन्छ । समुदायको प्रत्येक व्यक्तिको सक्रिय संलग्नता विना प्रभावकारी शिक्षण सिकाइक्रियाकलाप अगाडि बढाउन सकिँदैन । समुदायको संलग्नता विना सरकारको शिक्षा प्रतिको लगानी प्रभावकारी रूपमा सदुयोग हुन सक्दैन । त्यसैले शिक्षा क्षेत्रको

व्यवस्थापनमा समुदायको ठूलो हात हुन्छ । जहाँ लगानी हुन्छ त्यहाँ माया हुन्छ, उपलब्धिमा जोड दिइन्छ । नेपाल सरकारले माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क भनेता पनि शैक्षिक उपलब्धि बढाउनको लागि, अपनत्व भावको लागि आंशिक अभिभावकको आर्थिक लगानी आवश्यक छ । त्यसैले शिक्षामा अभिभावकको आर्थिक लगानी बढाउनु पर्दछ । शिक्षामा प्रत्येक समुदायको संलग्नता हुनु पर्दछ ।

मानवजीवनका समस्यालाई व्यवहारिक समाधान खोज्नु शिक्षाको कार्य हो । शिक्षा उपभोग र लगानी दुवै हो । शिक्षामा गरिने अभिभावकको आर्थिक लगानी र त्यसबाट प्राप्त सिकाइ उपलब्धिले शिक्षाको भविष्यलाई दिशा निर्देश गर्दछ । शिक्षामा गरिने लगानीको वित्तिय स्रोतहरू कति मात्रामा छन् ? उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग प्रयोग कसरी गर्ने? भन्ने कुरा पनि उत्तिकै मह□वपूर्ण छ ( आचार्य, २०६६) । उपलब्ध स्रोत र साधनबाट के-कति हदसम्म विद्यालयका शैक्षिक, भौतिक, आर्थिक समस्याहरू निराकरण हुन सकेका छन् ? र कति समस्याहरू त्यसै यतिकै रहेका छन् भन्ने कुराको विश्लेषण गर्नु एउटा मह□वपूर्ण पक्ष हुन आएको छ । विद्यालयमा उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग र परिचालनमा उपलब्ध स्रोत र परिचालन गर्न समुदायको सहभागिताको स्थिति पहिचान गर्नु अति आवश्यक भैसकेको छ ।

विद्यालयको लगानीको अवस्थाले सिकाइक्रियाकलाप पूर्णरूपले सञ्चालन गर्नमा बाधा ल्याएको छ वा छैन ? लगानीको कमी छ भने त्यसको निराकरण गर्न के कस्ता उपायहरू अवलम्बन गर्नुपर्दछ ? अभिभावकको आर्थिक लगानी ले शैक्षिक उपलब्धिमा कस्तो असर पार्दछ ? आदि तर्फ यो अध्ययन केन्द्रित रहेको छ ।

त्यसै प्रभा उ.मा.वि. स्रोत केन्द्र अन्तर्गतका मा.वि.मा अभिभावकको आर्थिक लगानीको अवस्था, समस्या, सम्भावना र शैक्षिक उपलब्धिको वृद्धिको आंकलन गर्नतर्फ पनि यो अध्ययन केन्द्रित छ ।

शैक्षिक उपलब्धि सिकाइउपलब्धि यस एल.सी. उत्तीर्ण दर, एस.एल.सी. उत्तीर्णको प्राप्ताङ्कको आधार, कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, विद्यार्थी नेतृत्व, जस्ता पक्ष माध्यमिक तहको शैक्षिक उपलब्धिको आंकलन लाई समेत यो अध्ययनले समेटेको छ। प्राचीन समयदेखि नै ऐतिहासिक अस्तित्व बोकेको काभ्रेपलाञ्चोक जिल्ला शिक्षा क्षेत्रको उर्वरभूमि हो। यहाँ करिब ७०% मानिस साक्षर छन्। काभ्रेपलाञ्चोक जिल्ला काठमाडौं जिल्लासँग सिधै जोडिएतापनि यस जिल्लाको साक्षरता दर सन्तोषजनक छैन। काभ्रेमा डाँडापारी, कोशीपारी र रोसीपारीको भौगोलिक विकटताले यसलाई असर पारेको छ। विद्यालय उच्च माध्यमिक विद्यालय, विश्वविद्यालयको शिक्षालाई प्रभावकारी र गुणस्तरीय बनाउन शिक्षासँग सरोकार राख्ने सबै निकाय जस्तै शिक्षा मन्त्रालय शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, योजना शाखा, परीक्षा नियन्त्रण कार्यलय, जि.शि.का. प्रधानाध्यापक, शिक्षक अभिभावक, विद्यार्थी आदि सबैको उत्तिकै मह□वपूर्ण भूमिका हुन्छ। हाम्रो जिल्लामा सामुदायिक र संस्थागत विद्यालयहरू प्रशस्त मात्रामा छन्। कतिपय विद्यालयहरूले गुणात्मक शिक्षालाई आत्मसात् गर्दै अघि बढिरहेका छन् भने कतिपय विद्यालयको अवस्था नाजुक रहेको कुरा स्पष्ट छ। नेपालमा औपचारिक विद्यालयहरूको स्थापना राणाशासन कालबाट सुरु भएको ऐतिहासिक तथ्य पाइन्छ। विद्यालयको स्थापना र सञ्चालनमा समुदायको संलग्नता त्यो समय देखि हालसम्म रहेको छ। औपचारिक विद्यालयहरूको स्थापना पछि नेपाल सरकारले शिक्षा विकासका लागि विभिन्न किसिमका योजनाहरू बनाई लागू गर्दै आएको छ। विशेषतः सरकारी विद्यालयहरूको आर्थिक, प्रशासनिक जिम्मेवारी कहिले सरकार स्वयम्ले त कहिले समुदायलाई जिम्मा दिने अभ्यास नेपाल सरकारले गर्दै आएको छ।

## १.२ समस्याको कथन

शिक्षा सम्पूर्ण मानवजातिको हित र विकासको मेरूदण्ड हो। मानव सभ्यताको विकासक्रमलाई अध्ययन गर्दा परापूर्वकालदेखि मानिसहरूले आफूले सिकेका ज्ञान, सीप, अनुभव र सामाजिक मूल्य मान्यतालाई आफ्ना सन्ततिहरूमा हस्तान्तरण गर्दै आएको पाइन्छ। यस्तो हस्तान्तरण गर्ने कार्य घरपरिवार, छरछिमेक, समुदाय र अनौपचारिक

संघसंस्था हुँदै औपचारिक संस्थामा विकसित हुन पुग्यो विद्यालय एउटा पवित्र शैक्षिक संस्था हो । विद्यालय समाज र राष्ट्रको आर्थिक र सामाजिक विकासलाई आवश्यक पर्ने मानवीय जनशक्ति उत्पादन गर्ने थलो हो । विद्यालयमा विभिन्न पृष्ठभूमि भएका बालबालिकाहरू शिक्षा लिन आउने गर्दछन् । विद्यालयलाई एउटा सानो समाजको रूपमा लिने गरिन्छ । विद्यालयले बालबालिकाको सर्वाङ्गिण विकास गराउने लक्ष्य र उद्देश्य आफ्नो शैक्षिक कार्यक्रम सञ्चालन गरेको हुन्छ ।

शिक्षामा लगानी गर्नु भनेको मानव पूँजीमा लगानी गर्नु हो । अर्थतन्त्रका वस्तुहरूको उत्पादन मानवीय सन्तुष्टिका लागि गरिन्छ । शिक्षामा अभिभावकको आर्थिक लगानीले अपनत्वपन, लगानीमा साझेदारी बढाई गुणस्तरीयता ल्याउँदछ । गुणस्तरीय शिक्षा एवम् प्रयोगात्मक शिक्षाले नै व्यक्तिलाई नैतिकवान, चरित्रवान र सीपवान बनाउँछ ।

मानिसको सर्वत्तोमुखी विकासका लागि शिक्षा अनिवार्य छ । शिक्षा प्राप्तीका लागि अभिभावकको आर्थिक लगानी आवश्यक पर्दछ तर सम्पूर्ण अभिभावकहरूले आवश्यक मात्रामा लगानी गर्न सकिरहेका हुँदेनन् ।

यस काभ्रेपलाञ्चोक जिल्लाको कोशीपारीका गा.वि.स. हरूका मानिसहरूको आर्थिक अवस्था कमजोर भएकोले प्रभा उ.मा.वि. स्रोतकेन्द्रका विद्यार्थीहरूका अभिभावकहरूको लगानी लाभ अनुपातका आधारमा उनीहरूको लगानी र शैक्षिक उपलब्धि पत्ता लगाउनु यस अध्ययनको आफ्नो मुख्य समस्याको रूपमा लिइएको छ । यस स्रोतकेन्द्रका अभिभावकको आर्थिक लगानी कस्तो छ ? उनीहरूका विद्यार्थीहरूको शैक्षिक उपलब्धि कस्तो छ ? लगानी र लाभको मात्रा अभिवृद्धि गर्न के-कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ? भन्ने जस्ता अनुसन्धानमूलक प्रश्नहरूको उत्तर प्राप्त गर्नु नै यस अध्ययनको समस्याको रूपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

प्रभा उ.मा.वि. अन्तर्गतका मा.वि. विद्यालयहरूको व्यवस्थापनमा समुदायको सहभागिता, विद्यालयमा प्राप्त हुने आम्दानीका स्रोतहरू प्राप्त आम्दानीबाट विद्यालयका लागि विभिन्न

शैक्षिक उपलब्धिहरू, अभिभावकको आर्थिक लगानीको हिस्सा र त्यसको प्रभावबारे अध्ययन गर्न औचित्यपूर्ण हुन्छ ।

विज्ञान र प्रविधिको विकाससँग विश्वमा अन्य धेरै प्रकारका विकासहरूले गति लिइसकेको छ। यिनै धेरै प्रकारका विकासहरू मध्ये शिक्षाको विकास पनि समयानुकूल परिवर्तित छ । तर विकासशील मुलकहरूले जुन रूपमा शिक्षाको विकास गर्नुपर्ने हो त्यो रूपमा गर्न सकिरहेका छैनन् । आज विश्व एक्काइसौ शताब्दीमा प्रवेश गरिसकेको छ । समयको गतिसँगै मानिसका चाहना आकांक्षा र धारणाहरूमा पनि विगत भन्दा धेरै फरक चिन्तनहरू आइरहेका छन् । तसर्थ विकासोन्मुख मुलुकहरूले आफ्नो शैक्षणिक पद्धतिलाई समय सान्दर्भिक बनाउनु अत्यावश्यक भैसकेको छ ।

कुनैपनि संघसंगठनको लक्षित उद्देश्यहरूलाई पूरा गर्न आफूसँग भएको र अन्यबाट प्राप्त हुने स्रोत र साधनको उचित व्यवस्थापन गरी उपयोग गर्न जान्नु पर्दछ । शिक्षामा गरिने लगानी भनेको एउटा दीर्घकालिन प्रतिफल प्राप्त हुने लगानी हो । त्यसैले शिक्षामा हुने लगानीलाई उचित व्यवस्थापनद्वारा अधिकतम प्रतिफल प्राप्त हुने गरी उपयोग गर्नु पर्दछ । शैक्षिक उपलब्धिलाई अवलोकन गर्दा संख्यात्मक रूपमा जतिसुकै माथि उठे तापनि गुणात्मक रूपमा सन्तोषजनक रहेको छैन । त्यस्तो अवस्थामा शैक्षणिक लगानीका साथसाथ त्यसको व्यवस्थापन गर्नु पर्दछ (UNESCO, 2008) ।
विद्यालयको वित्तीय व्यवस्थापनमा सामुदायिक सहभागिताको प्रमुख भूमिका रहेको हुन्छ समुदायका प्रत्येक व्यक्तिको प्रत्यक्ष सहभागिता विद्यालयमा रहेका विभिन्न श्रोत र साधनहरूको उचित परिचालन गर्न सकिन्छ । जसबाट प्रत्यक्षरूपमा लाभान्वित हुने भनेको समुदायका प्रत्येक सदस्यहरू नै हुन् । विद्यालयले समुदायका प्रत्येक व्यक्तिलाई वित्तियपक्षको मात्र नभई अरू धेरै पक्षहरूको व्यवस्थापनका लागि अवसर उपलब्ध गराउनु उचित देखिन्छ ।

शिक्षामा यतिनै लगानी गर्नु पर्दछ भने कुराहरू सर्वस्वीकार्य मान्यता त सायद भेटिदैंन । तर भएका साधन स्रोत र गरिएको लगानीलाई कसरी उपयोग वा खर्च गरिएको छ भन्ने कुराको छानविन भने विभिन्न कोणबाट गरिएको छ । शिक्षामा गरिने लगानीका लागि प्राप्त हुने

आम्दानीलाई कुन-कुन शीर्षकमा कसरी खर्च गरिएको छ भन्ने कुरा भने वित्तीय व्यवस्थापन र समुदायको सहभागिताबाट थाहा पाउन सकिन्छ। शिक्षालाई गुणस्तरीय बनाउन समुदायको सहभागिता हुनै पर्दछ। वित्तीय अवस्था राम्रो भएर पनि त्यसको खर्चको बाँडफाँड र उपयोग प्रभावकारी रूपमा नहुनु वित्तीय व्यवस्थापनमा हुने कमजोरी हो भने, अर्को तर्फ सीमित वित्तीय साधन र श्रोतको उपलब्धताबाट पनि अधिक उपलब्धि हासिल गर्नु सफल वित्तीय व्यवस्थापन हो।

शिक्षाको परम्परागत धारणाबाट जनताको बढ्दो आशा र आकांक्षा पूर्ति हुन सक्दैन। त्यसकारण शिक्षा प्रणालीलाई आवश्यकतामुखी, अनुसन्धानमुखी, व्यवहारिक र सर्वसुलभ बनाई गरिबी र बेरोजगारी न्यूनिकरण गर्दै विकासको लक्ष्यमार्फत अगाडि बढाउनुपर्दछ। यसका निमित्त सीमित स्रोत र साधनको अधिकतम प्रयोगद्वारा आधिकाधिक लाभ प्राप्त गर्न खोज्नु उचित हुन्छ। नेपालका गरीब जनताका लागि सामुदायिक विद्यालयहरू नै शिक्षा प्रदान गर्ने मुख्य थलो हुन्। झन् कोशीपारी जस्तो दुर्गम स्थानमा त सामुदायिक विद्यालयहरू नै निर्विकल्प शिक्षा प्रदान गर्ने स्थानको रूपमा स्थापित गर्नु आवश्यक छ। यसका लागि शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने समुदायका प्रत्येक व्यक्तिलाई आफ्नो दायित्वको महशुस हुनुपर्दछ। सामुदायिक विद्यालयहरू आर्थिक स्रोत र साधनमा आत्मनिर्भर भई उच्चतम् शैक्षिक उपलब्धि हासिल गर्न अग्रसर भएमा नेपालको शैक्षिक स्थिति सुधार हुन्छ। यसो भएमा प्रभा स्रोतकेन्द्र अन्तर्गतका मा.वि हरूको शैक्षिक जग मजबुत र बलियो हुन्छ।

प्रभा उ.मा.वि.को स्रोतकेन्द्रमा मा.वि. यसरी गरिएको नतिजाबाट यस अन्तर्गतका विद्यालयहरूमा अभिभावकहरूको वास्तविक सहभागिता आर्थिक अवस्था लगानीको मात्रा र त्यसले शिक्षण सिकाइ क्रियाकलापमा पारेको सकारात्मक र नकारात्मक प्रभावलाई हटाई विद्यालयको व्यवस्थापन गर्न, उच्चतम शैक्षिक उपलब्धि हासिल गर्न मद्दत पुर्‍याउने भएकोले यसको औचित्य शैक्षिक प्रगतिसँग जोडिएको हुन्छ। यसरी यस अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्षहरूको आधारमा दिइएको सल्लाह र सुझावहरूलाई मनन गरी प्रभा. उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गतका मा.वि. र यसमा चासो राख्ने सम्बन्धित पक्षलाई

शैक्षिक सुधारका लागि अभिभावकको आर्थिक लगानीले पुऱ्याएको सहयोगमा प्रशस्त मार्गदर्शन गर्नेछ भन्ने औचित्यका साथ यस अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

(१) माध्यमिक विद्यालयमा अभिभावकको आर्थिक लगानीको अवस्था पत्ता लगाउनु,

(२) अभिभावकको आर्थिक लगानीले बालबालिकाको सिकाइ उपलब्धिमा पारेको प्रभावको लेखाजोखा गर्नु,

(३) अभिभावकको शैक्षिक लगानीको समस्या र चुनौतीहरू पहिचान गर्नु,

(४) अभिभावकको आर्थिक लगानीलाई विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभावकारी बनाउने उपायहरूको खोजी गर्नु,

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यो शोधपत्रबाट निम्न अनुसन्धानामक प्रश्नहरू निम्नलिखित छन् ।

(१) मा.वि.हरूमा अभिभावकले के कति आर्थिक लगानी गरेका छन् ?

(२) अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

(३) लगानीलाई शैक्षिक उपलब्धि वृद्धि गर्न कसरी प्रयोग गरिएको छ ?

## १.६ अध्ययनको परिसिमा

यो अध्ययन काभ्रे जिल्लाको कोशीपारी स्थित प्रभा उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गतका मा.वि.हरूमा अभिभावकको आर्थिक लगानी के-कस्तो रहेको छ ? अभिभावकको आर्थिक लगानीले शैक्षिक स्तर उकास्न कस्तो सहयोग पुऱ्याएको छ ? भन्ने विषयमा केन्द्रित छ । अध्ययनको क्षेत्रलाई स्रोत, साधन र समय अभावका कारणले निम्नानुसार सीमित गरिएको छ ।

यस अध्ययनले काभ्रे जिल्लाका सम्पूर्ण सामुदायिक विद्यालयहरूलाई नसमेटि केवल प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूलाई मात्रै समेटिएको छ ।  सामुदायिक मा.वि.हरूको विद्यार्थीहरूको केवल अंग्रेजी र गणित विषयको शैक्षिक उपलब्धिलाई मात्र लिइएको छ । यो

अध्ययन कक्षा ९ उत्तीर्ण गरेका बालबालिकालाई अभिभावकको आर्थिक लगानी र शैक्षिक उपलब्धिको अध्ययन विश्लेषणमा सीमित रहेको छ। यो अध्ययनले प्रभा उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गतका मा.वि.हरूको आर्थिक लगानीलाई मात्र समेटेको छ।

## १.७ शब्दावलीको क्रियात्मक परिभाषा

विषय र प्रशंगले आर्को अर्थ नलागेमा यस अध्ययनमा प्रयोग भएका शब्दहरूको अर्थ र परिभाषा निम्न अनुसार लाग्ने छ :

आर्थिक लगानी : मुद्रा वा रूपैया पैसामा व्यक्त गरिएको लगानी

शैक्षिक उपलब्धि : कक्षा सहभागिता, व्यवहार परिवर्तन र उत्तीर्ण प्रतिशतलाई शैक्षिक उपलब्धि मानिएको

स्रोतव्यक्ति : विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्न नियुक्ति गरिएको स्रोत केन्द्रको अधिकृत कर्मचारी

विद्यालय निरीक्षक : विद्यालयको निरीक्षण गर्न तोकिएको नेपाल सरकारको राजप्रत्राङ्कित तृतीय श्रेणीको अधिबृत कर्मचारी

ऐन : ऐन भन्नाले शिक्षा ऐन २०२८ भन्ने जनाउछ।

नियमावली : नियमावली भन्नाले शिक्षा नियमावली २०५९ जनाउछ।

व्यवस्थापन समिति : व्यवस्थापन समिति भन्नाले विद्यालय व्यवस्थापन समितिलाई जनाउछ।

विभाग : विभाग भन्नाले शिक्षा विभागलाई जनाउछ।

मन्त्रालय : मन्त्रालय भन्नाले शिक्षा मन्त्रालयलाई जनाउछ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनैपनि अध्ययनसँग सम्बन्धित प्रकाशित लेख, रचना पुस्तक तथा दृष्टिकोणहरूले अध्ययनलाई स्पष्ट मार्ग निर्देशन गर्दछ । यसको अतिरिक्त अध्ययन अनुसन्धान समस्यालाई स्पष्ट पार्न, अध्ययन विधिलाई सुधार गर्न तथा अनुसन्धानकर्ताको सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई फराकिलो पार्न समेत साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउँछ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षालाई देश विकासको मेरूदण्ड मानी शिक्षासँग सम्बन्धी अध्ययन अनुसन्धान हुने क्रम दिनानुदिन बढ्दो क्रममा रहेको पाइन्छ । विगतदेखि वर्तमानसम्ममा शिक्षा विकास गुणस्तरीय शिक्षा, बालमैत्री शिक्षा, महिला शिक्षा, सबैका लागि शिक्षा आदि विषय सन्दर्भमा थुप्रै शिक्षाविद्हरू, लेखक, प्राध्यापक, शिक्षक, अनुसन्धानकर्ताहरूले विभिन्न समय सन्दर्भमा आ-आफ्ना लेख, रचना तथा अनुसन्धान मार्फत आफ्ना धारणा, विचार, सुझाव तथा तथ्याङ्कहरू प्रस्तुत गरेको पाइन्छ ।

विश्वका विभिन्न समाजमा अनगिन्ती रूपमा अगाडि देखिइरहेका सामाजिक, आर्थिक रूपान्तरणका सन्दर्भमा शैक्षिक गुणस्तर एउटा गतिशील र परिवर्तनशील अवधारणाको रूपमा आइरहेको छ । यस सन्दर्भमा भविष्य अभिमुख सोचाई र आकांक्षाले बढि मह□व पाइरहेको छ । विगतका गुणस्तर सम्बन्धी धारणामा परिवर्तन गर्न जरूरी छ । गुणस्तरीय शिक्षाको अवधारणा र मापदण्ड ठाउँ र अवस्था अनुसार भिन्नाभिन्नै भए पनि यसका केही साझा गुण समेत हुन्छन् । ती साझा गुणहरू मध्ये सबै पुरूष र सबै महिलाहरूलाई उनीहरूको समुदाय र विश्व समाजको पूर्ण रूपमा सक्रिय सहभागि सदस्यका रूपमा विकास गर्न आवश्यक गुण र क्षमताहरूको विकास गर्न सक्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो।

ढकाल (२०६९) का अनुसार सामुदायिक विद्यालयको आर्थिक व्यवस्थापनमा समुदायको दर्बिलो सहभागितालाई मूर्तरूप दिन सरकारले आफ्नो स्वामित्वमा विद्यालयहरूको

व्यवस्थापनमा समुदायलाई हस्तान्तरण गर्ने अभियान सुरू गरेको छ । यो कार्यमा शिक्षामा सुधारका लागि सरकारले वि.सं. २०१८ सालमा स्थापना गरेको उच्चस्तरीय कार्य समितिको धारणा थियो । त्यसैको आधारमा शिक्षा नियमावलीको सातौ संशोधनले शिक्षाको विकेन्द्रीत नीति अभ्यासमा ल्यायो । सार्वजनिक विद्यालयको दायित्व समुदायलाई हस्तान्तरण गर्ने काम समुदायको सहभागितामा सुरूभयो ।

लम्साल (२०६५) का अनुसार परापूर्व कालदेखि नेपालले शिक्षाको स्थिति र लगानीका स्वरूपहरू प्रकाशमा ल्याएको पाइदैन । तापनि गुरूकुल शिक्षामा विद्यार्थीहरूले गुरूको पालनपोषणको लागि सिधा दिने परम्परा थियो । त्यस समयमा शिक्षा दानबाट गुठी बनाउने प्रचलन बढ्यो । त्यसपछि शिक्षकहरूलाई आफ्नै घरमा बोलाइ पढ्ने चलन बढ्यो । समूहमा मिलेर शिक्षकको त.भ. दिने परम्परा बस्यो । त्यस पछि राष्ट्रिय ढुकुटीबाट शिक्षामा खर्च भएको पाइन्छ । सरकारले मालपोत निकासी कर, जंगल शुल्क र अर्थ करबाट आएको केही अंश विद्यालयलाई दिँदै आउन थालेको पाइन्छ ।

अधिकारी (२०६५) ले आफूलाई शिक्षित र चेतनशील व्यक्ति हुँ भन्ने जो कोहीले अब सामुदायिक विद्यालयको सम्पूर्ण अधिकार निक्षेपण गर्दै विद्यालयको व्यवस्थापनमा अघि बढ्नै पर्दछ । समुदायले विद्यालयको जिम्मेवारी पाउनु पर्छ, भन्ने समुदायको नै आवाज भएकोले व्यवस्थापनको सम्भावना राम्रो सँग हुन सक्ने देखिन्छ । समुदायको सही संलग्नताबाट सामुदायिक विद्यालयको गुणस्तरमा सुधार आउँछ । यसको साथै सम्पूर्ण शिक्षण सिकाइ क्रियाकलापमा नै सुधार आई सामुदायिक विद्यालयहरूको विग्रेको अवस्थामा सुधार आउन सक्दछ । त्यस्तै स्थानीय स्रोत र साधनहरूको पनि सही परिचालन भई विद्यालयको विभिन्न पक्षहरूमा पारदर्शिता आउँदछ ।

लम्साल (२०६५) का अनुसार प्राथमिक शिक्षा सेवाका कार्याहरू स्थानिय निकाय मार्फत सञ्चालन हुने गरी निक्षेपमा गर्ने नीति अनुरूप सामुदायिक विद्यालयको व्यवस्थापनमा समुदायमा जिम्मा दिने कार्यको थालनी भई सरोकारवालाको प्रत्यक्ष सहभागिता, पारदर्शिता र कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याई शैक्षिक स्तर उकास्ने कार्य भैरहेको छ ।

हालका दिनहरूमा सामुदायिक विद्यालयको वित्तिय व्यवस्थापनका साथ साथै अन्य विभिन्न पक्षहरूको व्यवस्थापनमा समुदायको सहभागिता उल्लेख्य रहेको पाइन्छ ।

माध्यमिक तहको शिक्षालाई मानवअधिकारका रूपमा लिनुपर्ने अवस्थामा निःशुल्क र सर्वसुलभ बनाइने प्रतिबद्धता समेत भएको छ । तर पनि यस तहमा भर्ना भएका सबै बालबालिकाहरूले उक्त तहको शिक्षा पूरा गर्न विभिन्न समस्याहरू देखापरेका छन् । प्राथमिक तहमा भर्ना भएका कतिपय विद्यार्थीहरू कक्षा छाड्ने र केहीले पुनः विद्यालय प्रवेश गरी अध्ययन गर्ने गरेको पाइन्छ । विद्यालय शिक्षामा भर्ना गर्न जति सहज छ, विद्यालय छाडेका विद्यार्थीलाई विद्यालय पुनः प्रवेश गराउन, शिक्षा प्रणालीमा टिकाइराख्न र शैक्षिक उपलब्धि वृद्धि गर्न त्योभन्दा ज्यादै कठिन छ । न्यून आर्थिक अवस्था भएका, सामाजिक मूल्य र मान्यताबाट पिछडिएका, अल्पसङ्ख्यक जातिहरू, दलित, जनजाति, लैङ्गिक विभेदको प्रभावमा परेका र शिक्षाको महत्त्व नबुझेका समुदायका बालबालिकाहरूले नै सामान्यतः विद्यालय छाड्ने गरेको पाइन्छ । त्यस्ता बालबालिकाहरूको विद्यालय पुनः प्रवेशमा सन्तोषजनक अवस्था छैन (शिक्षा विभाग, २०६२/०६३) । यसै तथ्यलाई मध्यनजर गर्दै अभिभावकको लगानीले सिकाइ उपलब्धिमा पारेको प्रभाव बिश्लेषण गर्न प्रभा स्रोतकेन्द्रका ३ वटा सामुदायिक विद्यालयका माध्यमिक तहलाई अध्ययन क्षेत्र बनाएर अभिभावकको लगानीले सिकाइ उपलब्धिमा पारेको प्रभाव शीर्षकमा शोध अध्ययन गरिएको छ ।

दाहाल (२०६७) का अनुसार गरिएको मा.वि.तहको विद्यार्थीको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन शोधपत्रमा बालबालिकाको शैक्षिक उपलब्धिमा अभिभावकको आम्दानी स्तरले विद्यार्थीहरूको उपलब्धिमा प्रभाव पर्दछ भन्ने निष्कर्ष निकालेको पाइयो ।

ओस्ती (२०६४) का अनुसार माध्यमिक तहका विद्यार्थीहरूको शैक्षिक उपलब्धि र तिनीहरूको सामाजिक अवस्था बिचको सम्बन्ध शीर्षकमा गर्नुभएको अनुसन्धान अनुसार व्यवसायिक, प्रशासकिय तथा व्यवस्थापकीय व्यक्तिहरूका विद्यार्थीहरूको असफलताको दर २७% छ भने अन्य समूहका विद्यार्थीहरूको असफलताका दर ६१% छ । अभिभावकको शिक्षा व्यवसाय, परिवारको आय तथा संस्कृति उच्च भएका विद्यार्थीहरूको मध्यम उपलब्धि निम्न समूहका विद्यार्थीहरूको तुलनामा उच्च देखिन्छ ।

मगर (२०६५) का अनुसार अभिभावकले बालबालिकाको पढाई प्रतिको चासो, आर्थिक लगानीले सिकाइउपलब्धि बढाउन सहयोग पुऱ्याएको निष्कर्ष निकालिएको छ ।

लम्साल (२०६३) ले पनि शिक्षा क्षेत्रमा परापूर्वकालदेखि नै विभिन्न क्षेत्रहरूबाट लगानी हुँदै आएको छ भनी बताए । उक्त लेखमा लगानीका स्रोतहरू सरकारी, गैह्र सरकारी र बैदेशिक सहयोग रहेको कुरा उल्लेख गरिएको छ ।

सरकारी क्षेत्र अन्तर्गतको तयारीमा केन्द्रीय सरकार जि.वि.स. तथा स्थानीय निकायबाट उपलब्ध हुने लगानीलाई समुदाय, घरपरिवार, व्यक्ति, विद्यार्थी तथा विभिन्न संघ संस्थाहरूबाट प्राप्त हुने रकम तथा सहयोग पर्न आउँदछन् । भने वैदेशिक सहयोग अन्तर्गत विभिन्न मुलुक तथा दातृ निकायहरूबाट प्राप्त सहयोग आदिलाई लिन  सकिन्छ ।

कार्की (२०६५) का अनुसार बालिकाको खुद भर्नादरमा सकारात्मक प्रभाव परेको, बालबालिकाको हाजिरी, सिकाइ उपलब्धि, नियमिततामा पूर्ण सुधार आएको, छात्राहरूलाई पनि विद्यालय पठाउनु पर्छ भन्ने अभिभावकको विचारमा सुधार आएको र आर्थिक विपन्नताकै कारण धेरै बालबालिकाहरू विद्यालय बाहिर रहेको निष्कर्ष निकालिएको छ । छात्रवृत्ति रकम समयमै वितरण गरिनुपर्ने, छात्रवृत्ति रकमको सही सदुपयोग भए/नभएको अनुगमन गर्नुपर्ने, निरन्तर हाजिरी, उपलब्धि स्तर र जेहेन्दारका आधारमा छात्रवृत्ति प्रदान गरिनुपर्ने सुझाव दिइएको छ ।

यसैगरी शिक्षाको विकासमा स्वयं विद्यार्थी र अभिभावक समेतबाट ठूलो लगानी भएको छ । यसरी हुने लगानीलाई दुई भागमा विभाजन गर्न सकिन्छ । पहिलो विद्यार्थीबाट शुल्कको रूपमा प्रत्यक्ष सङ्कलन गर्ने रकम हो भने दोस्रो उनीहरूको शिक्षाका लागि अभिभावकहरूले अप्रत्यक्ष रूपमा गर्नुपर्ने लगानी हो । गैर सरकारी क्षेत्र अन्तर्गत लगानीमा विभिन्न व्यक्ति तथा प्राप्त हुने रकम तथा विद्यालयमा उपलब्ध भौतिक सुविधा आदिको परिचालनबाट प्राप्त हुने रकम समेत पर्दछ ।

शिक्षा विभाग (२०६५) का अनुसार नेपालको शैक्षिक इतिहासलाई सुक्ष्म रूपले केलाएर हेर्ने हो भने विद्यालय शिक्षाको विकास र विस्तार समुदायकै पहलमा व्यवस्थित भएको पाइन्छ। संस्कृत, बौद्धिक, गुरूकुल शिक्षादेखि आधुनिक शिक्षाको सुरूवातमा समुदायले प्रमुख भूमिका खेलेको पाइन्छ। प्रत्येक गाउँ वस्तीमा शिक्षण संस्थाहरू स्थापना कसले गऱ्यो ? सञ्चालनका लागि आर्थिक स्रोत कसले जुटायो ? कसले भवन बनायो ? आदि प्रश्नको उत्तर अभिभावकको संलग्नता विना कल्पना नै गर्न सकिँदैन। शिक्षा विकासको मेरूदण्ड नै अभिभावक र समुदाय बन्यो। समाजको हुने खाने वर्गको आवश्यकतालई निजी विद्यालयहरूले पनि अधिकांश मध्यम र निम्न वर्गिय जनताका छोरा छोरीको शिक्षा सामुदायिक विद्यालयमा नै निर्भर रह्यो। एस.एल.सी. परीक्षामा सम्मिलित भएका विद्यार्थीको आधारमा करिब ८०% विद्यार्थीहरू सामुदायिक विद्यालयबाट नै परीक्षामा सम्मिलित भएको तथ्याङ्कले पुष्टि गर्दछ। तसर्थ त्यसैले यी विद्यालयहरू बहुसंख्यक नेपालीको भविष्य निर्माणको मूल आधारको रूपमा रहेका छन्।

पाण्डे, (२०६३) का अनुसार छात्रवृत्ति वितरणले विद्यार्थी नियमितता र शैक्षिक उपलब्धिमा सुधार भएको देखिन्छ। विद्यालय भर्ना भएदेखि नै नियमित छात्रवृत्ति पाउने विद्यार्थीहरूको विद्यालय नियमितता र शैक्षिक उपलब्धि अन्य विद्यार्थीहरूको भन्दा उच्च रहेको पाइयो। छात्रवृत्तिप्रति अभिभावकहरू सचेत रहेको पाइयो। लगातार छात्रवृत्ति पाउने विद्यार्थीहरूको कक्षा छोड्ने दर शून्य देखिन्छ। प्रस्तुत शोध अध्ययनमा उमेर समूह ख्याल गरेर छात्रवृत्ति वितरण गरिनुपर्ने, कक्षा ९ मा भर्ना भएका विद्यार्थीहरूलाई पनि प्राथमिकता दिनुपर्ने, छात्रवृत्ति सम्बन्धी अनुसन्धानहरू गरिनुपर्ने, केन्द्रदेखि विद्यालय तहसम्म बलियो संयन्त्र बनाउनुपर्ने आदि सुझाव दिइएको छ।

बखती (२०६१) का अनुसार अभिभावकहरूमा चेतनाको कमी, उचित सुझाव र सरसल्लाहको अभाव, ठूलो परिवार सङ्ख्या, मनोवैज्ञानिक तरिकाबाट पठनपाठन नहुनु, विद्यालयमा पर्याप्त साधन र स्रोतको अभाव, जातिगत र लैङ्गिक भेदभाव, आर्थिक अभाव र विपन्नता र पारिवारिक, सामाजिक तथा व्यक्तिगत कारणहरू विद्यालय छोडाइका मुख्य कारणहरू हुन् भनी निष्कर्ष निकालिएको छ।

थापा र सिंह (१९९५) का अनुसार निजी तथा प्राथमिक विद्यालयहरूमा आर्थिक अवस्थाले शैक्षिक क्रियाकलापमा पर्याप्त मात्रमा शैक्षणिक सामग्रीको व्यवस्था नहुनु,
आधुनिक तरिकाको शिक्षण क्रियाकलापको अभाव, पुस्तकालयको अभाव, शैक्षिक भ्रमणको व्यवस्था नहुनु प्रभाव पारेको कुरा दर्शाएका छन् ।
उपर्युक्त समस्याहरू समाधान गर्नका लागि विद्यालयले आर्थिक साधनहरूको वृद्धि गर्न

देउसी, भैलो प्रदर्शन जस्ता कार्यक्रम सञ्चालन गर्ने, स्थानीय जनसहभागितामा वृद्धि गर्ने गा.वि.स. र अन्य सरकारी संस्थाहरूसँग सहयोग लिने, मितव्ययिता अपनाउने जस्ता सझावहरू दिइएकोछ ।

थापा तथा अन्य (१९९५) का अनुसार अभिभावकको आर्थिक लगानी सम्बन्धमा स्पष्ट धारणा राखेका छन् । उनको लेखमा ग्यालव्रेथ भनाइ अनुसार शिक्षामा गरेको एक डलर लगानीले जति राष्ट्रिय आयमा योगदान पुऱ्याउँछ त्यहि डलरले बाँध औजार वा टिकाउ योग्य वस्तुमा लगानी गर्दा प्राप्त नहुन सक्छ । यसरी उनी शिक्षामा हुने लगानीलाई विशुद्ध लगानी मान्दछन् । जसले देशको राष्ट्रिय आयमा ठूलो योगदान पुऱ्याउँछ । यदि राष्ट्रिय आयमा वृद्धि गर्ने हो शिक्षाको लगानी बढाउनु पर्दछ । र उक्त लगानी ८० प्रतिशत भन्दा बढी शिक्षा प्रदानगर्नु शैक्षिक संस्थाहरूको गुणस्तरीय शिक्षामा अभिवृद्धि गर्ने तिर केन्द्रित हुनुपर्छ । यसबाट नै शिक्षामा गरिएको लगानीको उच्च प्रतिफल प्राप्त हुन्छ ।

शिक्षामा गरिने लगानीको अर्को मह□वपूर्ण उद्देश्य भनेको सामाजिक कल्याणमा वृद्धि गर्नु हो। शैक्षिक संस्थाहरू अन्य उद्योग जस्तै नाफाबाट अभिप्रेरित नभई उक्त संस्थाहरू सेवाभावबाट अभिप्रेरित हुन्छन् । तसर्थ धेरै जसोले शिक्षालाई उद्योगका रूपमा मान्दैनन् । शिक्षालाई आर्थिक क्रियाकलापको रूपमा हेर्ने कि सामाजिक सेवाको रूपमा हेर्ने भन्नेकुरा मह□वपूर्ण मानिन्छ । हामीकहाँ प्रायः शिक्षालाई आर्थिक क्रियाकलापको रूपमा हेर्ने गरेको र यसको सामाजिक मूल्यमा गौण मानिएको छ ।

## २.२ सैद्धान्तिक खाका

व्यवस्थापनका क्षेत्रमा विभिन्न सिद्धान्तहरूको विकास हुने क्रममा बीसौं शताब्दीको मध्यदशकतिर व्यवहारत्मक विज्ञान सिद्धान्तको विकास भयो । यस सिद्धान्तका जन्मदाता चेष्टर आइ बनार्ड (१९५२) परम्परागत प्रणालीमा नयाँ परिवर्तनका रूपमा व्यवस्थापनभित्र सामाजिक साँस्कृतिक वातावरण जस्ता पक्षहरूको ख्याल गरी संगठनको उद्देश्य र कार्यालई प्रभावकारी रूपबाट सञ्चालन गर्न प्रत्येक व्यक्ति अधिकार र उसका निहित मूल्यको विश्लेषणात्मक कार्यमा जोड दिँदै यस सिद्धान्तको विकास भएको पाइन्छ ।

उनले विभिन्न प्रशासनिक निकायका काम गर्दा प्राप्त गरेका व्यवहारिक एवम् सैद्धान्तिक समस्याहरू व्यवस्थापन गर्नका लागि व्यवहारिक विज्ञान सिद्धान्त सम्बन्धी धारणा बाहिर ल्याए । बनार्डका अनुसार सङ्गठनमा व्यवस्थापकिय पद्धतिसँग गाँसिएका कुराहरू प्रभावकारीता उन्मुख हुनुपर्ने साझा उद्देश्य प्राप्तिका लागि संगठनका वस्तु तथा सेवाको उत्पादन वितरण प्रभावकारी र काम गर्ने कर्मचारीमा दक्षता हुनुपर्ने धारणा रहेको छ ।

बनार्डका अनुसार संगठनमा अपेक्षाकृत उपलब्धि प्राप्त गर्ने क्रियाकलापहरू प्रक्रियागत रूपमा चुल्दछन्, स्पष्ट काम, कर्तव्य , उत्तरदायित्व, जवाफदेहिताहरू औपचारिक रूपमा विभाजन गरिएका हन्छ । यसले कार्यलाई प्रभावकारी, फलदायी बनाउँछ । यो नै उनको मुख्य चिन्तन हो ।

उनले आफ्नो सिद्धान्तमा सहभागिता, सामाजिक सम्बन्धलाई जोड दिई संगठनमा प्रभावकारिता र कार्यदक्षता केन्द्रविन्दुमा राख्नुपर्ने मान्यताको विकास गरेका छन् । अभिभावकको लगानीले अभिभावकको सक्रियता बढाउने अपनत्व बढाउने हुनाले सिकाइउपलब्धिमा सकारात्मक प्रभाव पर्दछ । अपेक्षाकृत शैक्षिक उपलब्धि प्राप्तिमा अभिभावकको लगानी सहभागिता चाहिन्छ । यसले नतिजालाई फलदायी बनाउँछ ।

## २.३ पुनरावलोकनको उपदेयता

अध्ययनको विषयवस्तुसँग सम्बन्धित साहित्यको पुनरावलोकन गरेबाट अभिभावकको लगानीले शैक्षिक उपलब्धिमा के-कस्तो पारेको छ ? विश्लेषण गर्न, प्रभावकारी कक्षा

संचालन गर्न भौतिक व्यवस्थापनका साथसाथै आर्थिक, प्रशासनिक, मानवीय संघ साधनको उचित प्रबन्ध गने, विद्यार्थीहलाई सिकाइप्रति अभिप्रेरित गर्न र हौसला प्रदान गर्ने । सिकाइ उपलब्धि बढाउन अभिभावकको लगानीले सहयोग पुगेको यस अध्ययनबाट थाहा भएको छ।

सिकाइ उपलब्धि बढाउन अभिभावकको सक्रियता बढाउन व्यवस्थापकको भूमिकालाई प्रभावकारी बनाउन बनार्डको सिद्धान्तले मह□वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ अभिभावकको लगानी सिकाइ उपलब्धिमा पारेको प्रभाव शोधशीर्षकमा अध्ययन अनुसन्धान गर्ने क्रममा बनार्डको व्यवहार बादी सिद्धान्तको आधारमा यो शोधपत्र तयार गरिएको छ ।

# परिच्छेद तीन

## अध्ययन विधि र प्रक्रिया

अनुसन्धान कार्य एक जटिल कार्य हो । यसका लागि निश्चित तरिका र मापदण्ड अपनाइ त्यसैको सेरोफेरोमा रही अध्ययन गर्नुपर्ने हुन्छ । अध्ययन विधि भन्नाले अध्ययन गर्दा अपनाउने तौर तरीका हो, जसले उपयुक्त लक्ष्य हासिल गर्न मद्दत वा मार्गदर्शनमा सहयोग पुर्‍याउँछ । (खनाल, २०६२) । कुनै पनि अध्ययनलाई सफल बनाउनको लागि अध्ययन विधिको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शोध कार्यलाई उपलब्धिमूलक ढंगबाट सम्पन्न गर्ने क्रममा आवश्यक पर्ने विधि र प्रक्रियाहरूको बारेमा यस परिच्छेदमा सिमित गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

कुनैपनि अनुसन्धानको लागि निश्चित योजनाको आवश्यकता पर्दछ । यसका निश्चित उद्देश्य पनि रहेका हुन्छन् । उद्देश्यहरूले नै अनुसन्धानकर्तालाई मार्ग निर्देशन गरिरहेको हुन्छ। तिनीहरूको परिधिमा रहेर अनुसन्धानको क्रम अगाडि बढ्छ । तसर्थ अनुसन्धानको उद्देश्य पूरा गर्ने मनसायबाट त्यससँग सम्बन्धित विस्तृत योजना अनुसन्धानले निर्माण गर्दछ, जसलाई अनुसन्धान ढाँचा भनिन्छ (दाहाल र खतिवडा, २०५९) ।

गुणात्मक अनुसन्धान ढाँचा विषयवस्तुलाई गहिरिएर अध्ययन गरिने र सम्बन्धित व्यक्ति, अवस्था तथा घटनासँग प्रत्यक्ष सम्पर्क हुने र प्राप्त सूचनाले यथार्थ नतिजा ल्याउने भएकाले यस अध्ययनको लागि गुणात्मक अनुसन्धान विधिमा आधारित वर्णानात्मक तथा विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको हो ।

सङ्कलित तथ्याङ्क, सूचना एवम् जानकारीहरूलाई आवश्यकता अनुसार परिमाणात्मक रूपमा पनि विश्लेषण र प्रस्तुतिकरण गरिएको छ। वर्णानात्मक ढाँचा मार्फत तोकिएका स्रोतकेन्द्रबाट प्राप्त तथ्याङ्कलाई प्रस्तुत गरिएको छ । शिक्षकको पेशागत विकासका लागि स्रोतकेन्द्रले खेलेको भूमिका काम कर्तव्यसँग सम्बन्धित प्रश्नावलीहरू शोधी छलफलका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनोट

कुनैपनि अनुसन्धानको पूर्व निर्धारित उद्देश्यमा पुग्नको लागि सही जनसंख्या छनोट गर्नु पर्दछ । अध्ययन अनुसन्धान गर्न काभ्रे जिल्लाको प्रभा स्रोतकेन्द्रको ३ वटा विद्यालय ९ जना शिक्षक ३ जना प्रधानाध्यापक ३ जना वि.व्य.स.को अध्यक्ष १५ जना विद्यार्थीहरू ९ जना अभिभावकहरू छानिएको छ । यस शोधपत्र तयार पार्न अनुसन्धानका लागि आवश्यक सूचनाहरू सङ्कलन गर्न प्रभाव स्रोत केन्द्रका ६ वटा सामुदायिक माध्यमिक विद्यालयहरू मध्येबाट ३ वटाविद्यालयहरू सुविधाजन नमूना छनोट विधिका आधारमा छनोट गरिएको छ। उक्त स्रोतकेन्द्रका वि.व्य.स. अध्यक्ष विद्यालयका प्र.अ. र शिक्षक उद्देश्यमुलक नमूना छनोट विधिका आधारमा छनोट गरिएको छ । यस अध्ययनमा जम्मा ३९ जना उत्तरदातालाई छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्क संकलन स्रोत

यस अध्ययनको क्रममा प्राथमिक तथा सहायक दुवै प्रकारका स्रोतहरूको प्रयोग गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि भेटघाट, छलफल, अन्तर्वार्ता, अवलोकन, निरीक्षण तथा सुपरीवेक्षणलाई प्राथमिक तथ्याङ्कको रूपमा लिइएको छ भने विभिन्न दस्तावेजहरूको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई सहायक तथ्याङ्कको रूपमा लिइएको छ । तसर्थ अध्ययन अनुसन्धानका लागि निम्न २ किसिमका स्रोतहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्वारा पहिलोपटक प्रयोग र सङ्कलन गरिएका स्रोतहरूलाई प्राथमिक स्रोत भनिन्छ । यस अनुसन्धानलाई सम्पन्न गर्न स्थलगत अवलोकनबाट प्राप्त सूचनाहरू, जिल्लाका नै पनि अध्ययनमा प्राथमिक स्रोतबाट भरपर्दो र विश्वसनीय सूचना सङ्कलन गर्न सकिने भएकोले यस अध्ययनमा प्राथमिक स्रोतलाई जोड दिइकोे छ । स्रोतकेन्द्रका स्रोतव्यक्ति, विद्यालयका शिक्षक, प्र.अ.का प्रतिक्रियाबाट प्राप्त सूचनाहरूलाई प्राथामिक स्रोतको रूपमा सङ्कलन गरिएको छ । यस्ता सूचना तथा तथ्याङ्क सम्बन्धित व्यक्तिहरूसँग

छलफल तथा अन्तक्रिया गरी अन्तर्वार्ता तथा प्रश्नावली फारम छनोट भरी सङ्कलन गरिएको हो ।

### ३.३.२ सहायक स्रोत

अनुसन्धान कर्ताद्वारा अनुसन्धानको शिलशिलामा पूर्व प्रकाशित तथा सङ्कलित तथ्याङ्क प्रयोग गरिन्छ भने त्यस्तो तथ्याङ्कलाई तथ्याङ्क सङ्कलनको द्वितीय स्रोत भनिन्छ (खनाल, २०६६)। सहायक स्रोत अन्तर्गत सम्बन्धित विभिन्न पुस्तक, पत्रपत्रिका, विभिन्न दस्तावेजहरू, अनुसन्धान प्रतिवेदनहरू तथा विद्यमान ऐन कानूनहरूको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

अनुसन्धान कार्यका लागि विभिन्न प्रकारका तथ्याङ्क सङ्कलनका साधनहरूको प्रयोग गरिएको हुन्छ । यस अनुसन्धान कार्यको लागि पनि आवश्यक तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, समूह छलफल र अभिलेख तथा दस्तावेजहरूको अध्ययन गरिएको छ।

### ३.४.१ अन्तर्वार्ता सूची

अन्तर्वार्ता व्यक्तिभित्रको भावना विचारहरूलाई प्रष्ट रूपमा बाहिर ल्याउने कार्य गर्दछ, जसले व्यक्तिका विचार मात्र होइन । निश्चित तथ्याङ्कलाई समेत अगाडि ल्याउछ (त्रिपाठी, २००३) आफ्नो सामने रूपमा बसेर शाब्दिक रूपमा गरिने अन्तरक्रिया भएकाले यसमा वनावटि र असत्य कुरा बाहिर आउने कुरा कम हुन्छ । अन्तर्वार्तामा तथ्याङ्क सङ्कलन गर्दा गहिराइसम्मका तथ्याङ्कहरू सङ्कलन हुने हुनाले यो एक वैज्ञानिक पद्धतिको रूपमा लिइन्छ । यसमा उच्च प्रक्रियात्मक सहभागिता हुने, अवलोकन गर्न सकिने, लचकता हुने हुँदा यस अध्ययनमा अन्तर्वार्ता विधिलाई प्रयोग गरिएको हो । अन्तर्वार्ता विधि अपनाउन विभिन्न निर्देशित प्रश्नहरू तयार गरि उत्तरदातालाई प्रश्नहरू गरी पत्ता लगाई अध्ययन पूरा गरिएको छ । प्रश्नहरूको नमूना अनुसूचीमा राखिएको छ ।

### ३.४.२ अवलोकन फारम

कुनै पनि विषय वस्तु वा घटनाको गहिरो विश्लेषणात्मक अध्ययन नै अवलोकन हो, (खनाल, २०६२) । अनुसन्धानकर्ताले प्रत्यक्ष रूपमा सहभागी भई समस्या वा विषयवस्तुको गहिराईसम्म पुगी त्यसको सही विश्लेषण गर्न सघाउँछ । अवलोकन वैज्ञानिक क्रियाकलापको प्रारम्भिक कालखण्डदेखि नै खोजको मह□वपूर्ण प्रणालीको रूपमा रही आएको छ (वेष्ट रकान्ट, १९९५) । यस शोध अनुसन्धानमा स्रोतकेन्द्रमा विभिन्न गतिविधिहरू दस्तावेजहरूको अवलोकन गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ । क्रियाकलापको प्रारम्भिक कालखण्डदेखि नै खोजको मह□वपूर्ण प्रणालीको रूपमा रही आएको छ (वेष्ट रकान्ट, १९९५)। यस शोध अनुसन्धानमा स्रोतकेन्द्रमा विभिन्न गतिविधिहरू दस्तावेजहरूको अवलोकन गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

### ३.४.३. समूह छलफल

अनुसन्धान कार्यका लागि विभिन्न प्रकारका तथ्याङ्क सङ्कलनका साधनहरूको प्रयोग गरिएको थियो जसमा अध्ययनमा संलग्न शिक्षकहरू तथा प्र.अ.सँग प्रत्यक्ष भेटी समूह छलफल गरिएको थियो ।

## ३.५ तथ्याङ्क  सङ्कलन प्रक्रिया

तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका सबै सामुदायिक प्रभा उ.मा.वि. स्रोत केन्द्रका मा.वि.हरूका अध्ययनकर्ता स्वयम् उपस्थित भई सर्वेक्षण गरी जानकारी लिइएको छ । अध्ययन क्षेत्रका ३ वटा विद्यालयहरूमा अनुसन्धानकर्ता स्वयम् उपस्थिति भई विद्यालयका आम्दानीका स्रोतहरू, विभिन्न स्रोतबाट प्राप्त आम्दानी रकमका साथै अभिभावकको आर्थिक लगानीका स्रोत विवरण र शैक्षिक उपलब्धिमा पुगेको सहयोग नतिजा विश्लेषणको स्थितिलाई प्रारम्भिक तथ्याङ्कका रूपमा प्राप्त गरिएको छ । विद्यालयको आर्थिक व्यवस्थापनमा समुदायको भावी लगानीका स्रोतहरू अभिभावकको आर्थिक लगानीका समस्याहरू बारे जानकारी लिन प्र.अ., वि.व्य.स..अ. अभिभावक, शिक्षक, विद्यार्थीलाई

प्रश्नावली फाराम भराई विभिन्न शिक्षासँग सरोकार राख्ने व्यक्तिहरूसँग अन्तर्क्रिया गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

नमूना छनोटमा परेका स्रोतकेन्द्रका उत्तरदाताहरूबाट प्राप्त तथ्याङ्कहरूलाई अध्ययनको उद्देश्य बमोजिम विभिन्न वर्गमा विभाजन गरी अध्ययन गरिएको छ । प्राप्त भएका सङ्कलित तथ्याङ्कलाई अनुसन्धानको लागि आवश्यक विश्लेषण गर्दा अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभावको अध्ययन गरिएको छ । साथै सिकाइ उपलब्धि प्राप्त गर्न देखा परेको समस्या र समाधानको उपायको, अभिभावकको लगानीको अवस्थाको विश्लेषण गरिएको छ ।

अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, उद्देश्य र सूचनाहरूको किसिममा निर्भर हुन्छ । यो अध्ययन पूर्णतया गुणात्मक तथा परिमाणात्मक विधिको प्रयोग गरी सर्वेक्षण तरिकाले अगाडि बढाइएको छ । यो अध्ययनका लागि आवश्यक विवरणहरू प्राप्त गर्न विद्यालयबाट र सम्बन्धित विद्यालय वरिपरिका समुदायमा नै अनुसन्धानकर्ता आफै नै उपस्थित भई सर्वेक्षण र अवलोकनबाट गरिएको छ । विद्यालयमा रहेका अभिलेखहरूबाट र प्र.अ. तथा शिक्षकहरूबाट पनि आवश्यक विवरण सङ्कलन गरिएको छ । यो अध्ययन सर्वेक्षण प्रश्नावली फाराम, अन्तर्वार्ता फाराम आदि साधनको प्रयोग गर्दै प्र.अ., शिक्षक, शिक्षाप्रेमी, बुद्धिजीवि, वि.व्य.स. अध्यक्ष तथा विद्यार्थीहरूलाई अध्ययनको रूपमा राखी अघि बढाइएको छ । प्रभा उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गतका माध्यमिक तहका विद्यालयमा अभिभावकको आर्थिक लगानीको अवस्था, समस्या र चुनौती एवम् शैक्षिक उपलब्धमा पुगेको सकरात्मक प्रभाव पत्ता लगाउन र अझ थप शैक्षिक उपलब्धिलाई सुधार गरी सहयोग पुऱ्याउन ठोस उपायहरू अध्ययन क्षेत्रबाट प्राप्त गरिएको छ । अध्ययनका लागि आवश्यक तथ्याङ्क प्राथमिक र द्वितीय प्रक्रियाबाट प्राप्त गरिएका छन् । यो अनुसन्धान प्रभा उ.मा.वि. स्रोत केन्द्रमा अभिभावकको आर्थिक लगानी र शैक्षिक उपलब्धिसँग सम्बन्धित भएकोले यस अध्ययनका लागि परिमाणात्मक र गुणात्मक दुवै पद्धति समेटेर मिश्रित ढाँचामा शोधपत्र तयार गरिएको छ ।

# परिच्छेद चार

## नतिजाको विश्लेषण

यस परिच्छेदमा अध्ययनको आवश्यकता पूरा गर्नका लागि प्राप्त गरिएका तथ्याङ्कहरूलाई पहिचान गरी अभिभावकको लगानीले विद्यार्थीको शैक्षिक उपलब्धिमा पुऱ्याएको सहयोग र अभिभावकको लगानी र शैक्षिक उपलब्धिमा देखा परेका समस्या समाधान गर्नका लागि विभिन्न प्रकारका प्रस्तुतिकरण, विश्लेषण एवम् व्याख्या गरी शोधकार्य पूरा गरिएको छ ।

हिजोका दिनहरूमा शिक्षालाई अतिरिक्त  आवश्यकताका रूपमा हेरिए पनि आज शिक्षा प्रत्येक व्यक्तिको आधारभूत आवश्यकता भित्र सूचीबद्ध भइसकेको छ । शिक्षालाई व्यवस्थित रूपमा अगाडि बढाउनको लागि धेरै समय अगाडिदेखि विभिन्न किसिमका प्रयासहरू भइरहेका छन् । शिक्षालाई सबैको पहुँचमा पुऱ्याउनको लागि विभिन्न किसिमका नीति नियमहरू पनि बनेका छन् । लगानीका स्वरूपहरूमा विविधता पाइन्छ । यसै सन्दर्भमा प्रभा उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गतका माध्यमिक विद्यालयहरूमा अभिभावकको आर्थिक लगानीको स्थिति कस्तो छ ? प्रभा उ.मा.वि.स्रोतकेन्द्रका मा.वि.का विद्यार्थीहरूको शैक्षिक उपलब्धि कस्तो छ ? अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा कस्तो सहयोग पुऱ्याएको छ? भन्ने कुराको जानकारी लिन हाम्रो जिल्लाको कोशीपारी स्थित प्रभा.उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गतका सामूदायिक मा.वि.हरूलाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ । ती सामूदायिक मा.वि.का प्र.अ. शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति, विनियसँगै सर्वक्षण अन्तर्क्रिया प्रश्नावली गरी प्राप्त जानकारी तथा अभिलेखलाई विश्लेषण व्याख्या तथा प्रस्तुतीकरण गरिएको छ ।

### ४.१ माध्यमिक विद्यालयहरूमा अभिभावकको लगानीको अवस्था

अभिभावकको लगानीले सिकाइ उपलब्धिमा मह□वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । अभिभावकको लगानीलाई अभिभावकको आयस्रोत अभिभावकको व्यवसाय अभिभावकको

आर्थिक लगानीको स्थिति अभिभावकको सहभागिता र सक्रियतालाई निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ अभिभावकको आयस्रोत

यस स्रोतकेन्द्र अन्तर्गतका अभिभावकहरू प्राय:जसो कृषि पेसामा संलग्न छन् । ९०% भन्दा बढी कृषकहरू रहेको यहाँका अभिभावकको आम्दानीको मुख्य स्रोत भनेको कृषि, पशुपालन, व्यापार र सेवा नै हो । दलित जनजातीको समेत यस क्षेत्रमा बसोबास भएकोले उनीहरूको आम्दानीको स्तर न्यून छ ।

आर्थिक सम्पन्न अभिभावक, शिक्षक र कर्मचारीका छोराछोरीहरू निजी विद्यालयमा भर्ना गरिएकोले सामान्य आय स्तरका अभिभावक दलित जनजातीका छोराछोरी मात्रै अधिक मात्रामा सामुदायिक विद्यालयमा भर्ना गरिएकोले अभिभावकको आयस्रोतको अवस्था समेत कमजोर देखिएको छ । ६६.६% अभिभावकको आयस्रोत कृषि २३.४% अभिभावकको आयस्रोत पशुपालन र बाँकी अभिभावकको आयस्रोत व्यापार र सेवा रहेको पाइएको छ । अभिभावकको आम्दानीको अवस्था न्यून पाइएको, कृषि नै आयस्रोतको मुख्य आधार देखिएकोले थप आय आर्जन र बैकल्पिक आम्दानीको स्रोत खोज्नु पर्ने कुराको जरूरी देखियो।

प्रभा स्रोतकेन्द्र अन्तर्गतका मा.वि.हरूमा अभिभावकको आर्थिक लगानीमा वृद्धि भएपछि शिक्षण सिकाइ क्रियाकलापमा सुधार, सिकाइ उपलब्धिमा वृद्धि, सामाजिक लेखापरीक्षण र अन्य पक्षमा अभिभावकको सहभागिता र अपनत्व भावको विकास भएको छ । यसबाट अभिभावकको प्रत्यक्ष सहभागिता, पारदर्शिता र कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता आउने भएकोले अभिभावकको आर्थिक लगानीले विद्यालयको शैक्षिक स्तर सुधारोन्मुख दुवै भएको देखिन्छ ।

### ४.१.२ अभिभावकको आर्थिक लगानीको स्थिति

प्रभा उ.मा.वि. स्रोतकेन्द्रको मुख्य स्रोत सरकारी स्रोत हो । किनकि स्थानीय तहबाट मात्र आर्थिक सङ्कलन गरेर उचित तरिकाले बजेट विनियोजन सम्भव हुँदैन । त्यसको लागि उचित तरिकाले व्यवस्थापन गर्न अभिभावकको आवश्यकता पर्दछ । यसका साथै केही

मात्रामा भएपनि स्थानीय तवरबाट स्रोत सङ्कलन गर्न अभिभावकको उपस्थिति अनिवार्य आवश्यक पर्दछ ।

प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूमा अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा पुगेको सहयोग, सामुदायिक विद्यालयको आर्थिक अवस्थाले शैक्षिक उपलब्धि, शैक्षिक गुणस्तर, सिकाइस्तर र शिक्षण सिकाइप्रक्रियाको एउटा मह□वपूर्ण पक्ष हुन् अभिभावकको सक्रिय सहभागितालि सिकाइलाई उपलब्धिमूलक बनाउन सघाउँछ । भने उनीहरूको निष्क्रियताले गुणस्तरमा ह्रास आउँछ । अभिभावकको आर्थिक लगानीले शैक्षिक सुधार ल्याउँछ । अभिभावकको विद्यार्थीका पथ प्रदर्शक हुन् । तसर्थ उनीहरूको सक्रियता र सहभागिता विना शैक्षिक उपलब्धि प्रायः सम्भव छैन । अभिभावकको आर्थिक लगानीमा वृद्धिले प्रतिफलमा वृद्धि हुन्छ ।

सरकारी अनुदानको क्रममा प्राप्त आम्दानी शिक्षकहरूको तलब भत्तामा नै खर्च हुने, विद्यालयको आन्तरिक स्रोत पर्याप्त नहुँदा शैक्षिक सामग्री, अतिरिक्त क्रियाकलाप, शैक्षिक भ्रमण, कक्षाकोठा व्यवस्थापन, विद्यार्थीको निरन्तर मूल्याङ्कन, आधुनिक प्रविधिको अधिक प्रयोगमा सहजता उत्पन्न हुन्छ । तसर्थ विद्यालयको आर्थिक पक्षको सवलताका लागि अभिभावकको आर्थिक लगानी अपरिहार्य शर्त हो । यसले अपनत्व भावको विकास गाउँछ र खर्च व्यवस्थापनमा सहजतालाई समग्र शैक्षिक उपलब्धिलाई वृद्धि गर्दछ । अभिभावकको आर्थिक लगानीमा कमी हुँदा शै.स. २०६६ र २०६७ मा भन्दा अभिभावकको आर्थिक लगानीमा वृद्धि हुँदाको अवस्थामा अतिरिक्त कक्षा सञ्चालन पश्चात् नतिजामा सुधार देखिएको छ ।

अभिभावकको आर्थिक लगानीले शैक्षिक गुणस्तरमा सुधार, विद्यालय प्रति आफ्नोपनको भावनामा वृद्धि हुन्छ । आ.व. २०७०/७१ मा काभ्रे जिल्लाको सुदुरपूर्वी भेगमा रहेको प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूको विद्यालयहरूको औषत वार्षिक रू. १,३०,२०,६०० आम्दानी र खर्च रू.१,२९,९०,५२० साथै बचत रू. ३०,०८० देखिन्छ । भने आ.व. २०७१/७२ मा आय रू. १,३२,१०,७०० र खर्च १,३०,५०,६०० रहेको देखिन्छ । आ.व. २०७१/७२ मा नगद तथा बैंक बचत रू. १,६०,१००।- देखिन्छ ।

सामुदायिक विद्यालयको आर्थिक व्यवस्थापनमा अभिभावकको अवस्थाले मुख्य भूमिका निर्वाह गरेको हुन्छ । सरकारी बजेट स्थानीय तहबाट बजेट व्यवस्थापन गर्न पनि सामुदायिक सहभागिताले मद्दत गर्दछ । यसले शैक्षिक सुधार गर्न मह□वपूर्ण भूमिका निर्वाह गर्दछ । प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूको लगानीको स्थिति के-कस्तो रहेको छ ? भन्ने कुरालाई प्रष्ट रूपमा देखाइएको छ । अभिभावकको आर्थिक लगानीको स्थिति पत्ता लगाउन विद्यालयका प्र.अ. शिक्षक/शिक्षिकाहरू, स्रोतव्यक्तिहरू, वि.व्य.स. अध्यक्षहरूलाई प्रश्नावली तथा अन्तरक्रियामा सामेल गराइएको थियो । जसमा ६६.५% प्र.अ.हरूले अभिभावकको आर्थिक लगानीउल्लेख्य रहेको कुरा व्यक्त रहेका छन् । भने बाँकी ३३.५% प्र.अ.ले आवश्यक र अपेक्षाकृत अभिभावकको आर्थिक लगानी नभएको कुराव्यक्त गरेको छन् । त्यस्तै ६०% विद्यार्थीले अभिभावकको आर्थिक लगानी उल्लेखमा रहेको बर्ता भने २०% विद्यार्थीले अभिभावकको आर्थिक लगानी नभएको व्यक्त गरेर र २०% विद्यार्थीले अभिभावकको आर्थिक लगानी पहिला र अहिले केही भिन्नत नभएको कुरा व्यक्त गरेका छन् । त्यस्तै ६१.११% शिक्षक शिक्षिकाहरूले अभिभावकको आर्थिक लगानी उल्लेख्य हेको कुराव्यक्त गरेका छन् । भने बाँकी ३८.८९% शिक्षक/शिक्षिकाहरूले आवश्यक र अपेक्षाकृत अभिभावकको आर्थिक लगानी नभएको व्यक्त गरेका कुरा व्यक्त गरेका छन् ।

सामुदायिक विद्यालयको लगानीमा अभिभावकको संलग्नता विषयक काभ्रेको कोशीपारी इलाका १ स्तरीय प्र.अ. कार्यशाला गोष्ठी २०७१ ले शिक्षामा अभिभावकको आर्थिक लगानीको स्थिति व्यवस्थापकीय एवम् अन्य क्षेत्रमा देखिएको सुधार देखिएको छ ।

### ४.१.३ अभिभावकको सहभागिता र सक्रियता

सामुदायिक विद्यालयका अभिभावकको सहभागिता र सक्रियता सन्तोषजनक रहेको पाइएको छ । अभिभावकहरूले अतिरिक्त पाठ्यपुस्तक खरिद गर्न कापी, कलम, अन्य सैशिक्षक सामाग्रि खरिदमा लगानी गरेको पाइएको छ ।

अभिभावकको सहभागिता र सक्रियताका सम्बन्धमा छनोटमा परेका प्र.अ. र स्रोत व्यक्तिहरूसँग अभिभावकको सहभागिता र सक्रियताको जानकारी लिँदा ९५%

अभिभावकहरूको पुस्तक, कापी, कलम, अतिरिक्त कक्षा संचालन शुल्क भुक्तानी गरेको जानकारी दिनुभयो । त्यसैगरी सिकाइका लागि किताब, कापि, कलम, खाजा आधारभुत पक्ष भएकोले अभिभावकले विना हिचकिचाहट उक्त कुराहरू पूरा गरेको जानकारी दिनु भयो। यस स्रोतकेन्द्रका छनोटमा परेका विद्यालयहरूमा श्रमदान एवम् आर्थिक सहयोग निम्न लिखित पाइयो ।

**तालिका नं.४.१ अभिभावकको सहभागिता र सक्रियताको अवस्था:**

| आ.व. | विवरण | कुल रकम रू. |
|---|---|---|
| २०७०.०७१ | श्रमदान | १५,६५,००० |
| २०७०.०७१ | आर्थिक सहयोग | १,१५,००० |
| २०७१.०७२ | श्रमदान | १८,१२,५६५ |
| २०७२.२०७३ | श्रमदान | ६,०८,२४५ |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७२)

अभिभावको आम्दानीको स्रोत कम भएकोले आर्थिक सहयोगको स्थिति न्यून देखिएको र श्रमदानको अवस्था राम्रो देखिएकोले आउँदा दिनमा समेत आवश्यकता अनुसार निरन्तरता दिनु पर्ने देखिन्छ ।

प्रभा. उ.मा.वि. स्रोतकेन्द्र मा.वि.को आर्थिक व्यवस्थापनमा अभिभावकको आर्थिक लगानीको स्थिति हेर्दा क्रमशः अभिभावकको प्रत्यक्ष र अप्रत्यक्ष लगानी बढ्दै गएको पाइयो ।

प्रभा उ.मा.वि. स्रोतकेन्द्र मा.वि.हरूको मुख्य आम्दानीको स्रोत सरकारी अनुदान नै रहेको छ । मा.वि.हरूको परीक्षा शुल्क, अतिरिक्त कक्षा सञ्चालन शुल्क, केही विद्यालयहरूले स्थिर सम्पत्तिको प्रयोगद्वारा नियमित आम्दानी गरेको देखिन्छ ।

अभिभावकको आर्थिक लगानी भौतिक निर्माणमा जनश्रमदान प्रत्यक्ष नगद भुक्तानी, अप्रत्यक्ष लगानीले शैक्षिक उपलब्धिमा सकारात्मक योगदान पुऱ्याएको पाइयो ।

वि.व्य.स., अभिभावक, शिक्षक शिक्षिका, प्र.अ. र विद्यार्थीको अभिमत अनुसार प्रभा उ.मा.वि स्रोतकेन्द्रका मा.वि.हरूमा विभिन्न किसिमका क्रियाकलापहरू सञ्चालन गर्न आम्दानीको उल्लेख्य रूपमा पर्याप्त नभएको जानकारी पाइयो । तसर्थ मा.वि.हरूको आर्थिक अवस्था कमजोर नै देखिन्छ ।

प्रभा स्रोतकेन्द्रका मा.वि.हरूमा अभिभावकको आर्थिक लगानीले शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीको उपलब्धतामा सहज भएको देखिन्छ । साथै प्र.अ.हरूको धारणा अनुसार प्रयोगशालाको व्यवस्था, पाठ्यपुस्तकको सहज उपलब्धमा प्रभावकारी कक्षाकोठा व्यवस्थापन, अतिरिक्त क्रियाकलापको सञ्चालन जस्ता कारणले प्रभावकारी शिक्षण भई सिकाइ उपलब्धिलाई बढाएको पाइयो ।

अभिभावकको कृषि बाहेक भरपर्दो अन्य आम्दानीको भरपर्दो स्रोत नहुनु, जनचेतनाको कमी हुनु, गरिब परिवारका विद्यार्थीहरू मात्र प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.मा पढ्नु, जस्ता कारणले अभिभावकको आर्थिक लगानी कमजोर भएको पाइयो ।

वि.व्य.स. अ. प्र.अ. शिक्षक/शिक्षिका र अभिभावकहरूको सहमतिलाई पाइचार्टमा माथि नै देखाइएको छ । प्रस्तुत पाइचार्ट अनुसार स्थानीय स्रोत साधनको उपयोग गर्ने, अभिभावकको सहयोग र सहभागिता वृद्धि गर्ने, विद्यालयको आयलाई अधिक आयमूलक बनाउने, देउसी, भैलो जस्ता कार्यक्रमबाट आर्थिक सङ्कलन गर्ने, जनचेतना अभिवृद्धि गर्ने जसबाट प्रभावकारी शिक्षण क्रियाकलाप सञ्चालन गरी उच्चतम् सिकाइ उपलब्धि हासिल गर्न सकिने कुरा प्रष्ट हुन्छ ।

अभिभावकको आर्थिक क्षमता कम भएता पनि उनीहरूले गरेको थोरै आर्थिक लगानीले विद्यालयमा हुने कार्यक्रम सञ्चालन गर्न धेरै मात्रामा सजिलो भएको पाइयो । यसका साथै अध्ययन क्षेत्रका विद्यालय अनुसार कुनै कुनै विद्यालयमा राजनीतिक प्रभावका कारण अप्ठ्यारो स्थिति पैदा भएको पनि पाइयो जसले गर्दा शैक्षिक उपलब्धिमा नकरात्मक प्रभाव परेको पाइयो ।

अध्ययन क्षेत्रमा अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा पुऱ्याउने सहयोगको भावी सम्भावनाका सन्दर्भमा शिक्षाको गुणस्तरमा बृद्धि गर्न सकिने, राजनैतिक हस्तक्षेप बन्दगरी सिकाइमा सुधार ल्याउन सकिने शिक्षकहरूलाई नतिजाप्रति प्रतिबद्ध बनाउने, शिक्षकहरूलाई विद्यालय र विद्यार्थीप्रति उत्तरदायी बनाउन सकिने, निर्णय र कार्यान्वयन प्रक्रियामा पारदर्शिता ल्याउन सकिने सिकाइलाई प्रभावकारी बनाउन सकिने धारणा पाइयो ।

सामुदायिक विद्यालयहरूमा वित्तिय व्यवस्थापनमा सामुदायिक अवस्थाको टड्कारो आवश्यकता रहेकोले यसलाई प्रभावकारी बनाउन सरकार र समुदाय दुवैको पहलमा प्रचार प्रसार गर्नुपर्ने देखिन्छ ।
वर्तमान सन्दर्भमा सामुदायिक विद्यालयहरूको गुणस्तरमा ह्रास आएकोले यसको समाधान गर्न समुदायको सहभागीतालाई उल्लेख्य बनाउनुपर्ने देखिन्छ ।

नेपाल सरकारले सामुदायिक विद्यालयको परिमाणात्मक वृद्धि भन्दा गुणात्मक वृद्धितर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

विद्यालयमा प्रभावकारी सुपरीवेक्षण पद्दति लागू गरी शिक्षकहरूलाई विद्यार्थीको केन्द्रित र क्रियाकलापमुखी शिक्षण सिकाइ प्रक्रिया अपनाउन प्रेरित गर्ने व्यवस्था गर्नुपर्दछ ।

सामुदायिक विद्यालयहरूको आय-व्यय अवस्था र लेखाको लेखापरीक्षण गर्ने काम समुदायका व्यक्तिहको संलग्नतामा गरिनुपर्दछ ।

विद्यालयमा आवश्यक पर्ने आय, आर्जन गर्न विद्यालयको अचल सम्पत्तिलाई अधिकतम उपयोग गरी उत्पादनमूलक बनाउनु पर्दछ । स्थानीय रूपमा उपलब्ध हुन सक्ने श्रोत र साधनको उपयोग गरी शैक्षिक सामग्रीहरू निर्माण गर्नुपर्दछ । विद्यालयको भौतिक र शैक्षिक अवस्थाको सुधार गर्न स्थानिय प्रशासनिय प्रशासनिक एकाई र विभिन्न NGO, INGO सँग सहयोगका लागि विशेष अनुरोध गर्नुपर्दछ । उल्लेखित कार्य गरेको खण्डमा शैक्षिक सुधार हुने निश्चितता देखिन्छ ।

## ४.२ अभिभावकको आर्थिक लगानीले बालबालिकाको सिकाइ उपलब्धिमा पारेको प्रभाव

काभ्रेपलाञ्चोक जिल्लाको सुदुरपूर्वी प्रभा उ.मा.वि. स्रोतकेन्द्रका माध्यमिक विद्यालयहरूको सर्वेक्षणका आधारमा प्राप्त अभिभावकको आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको अवस्था र प्र.अ. शिक्षक, अभिभावक, अध्यक्ष र विद्यार्थीसँग लिइएको जानकारी अनुसार स्रोतकेन्द्रका मा.वि.हरूमा प्राप्त हुने अभिभावकको आर्थिक लगानी पर्याप्त छ, छैन भन्ने विषयहरूमा गरिएको अध्ययनबाट निम्न अनुसारको नतिजा पाइयो । अध्ययन क्षेत्रमा पठाइएका प्रश्नावली, फारम र प्रधानाध्यापक, शिक्षक, अभिभावक विद्यार्थीसँगको प्रत्यक्ष अन्तरक्रियाबाट प्राप्त निष्कर्ष अनुसार १६.६% प्र.अ.ले विद्यालय हुने अभिभावकको आर्थिक लगानी विद्यालयको आवश्यकता अनुसारपर्याप्त छ भन्ने राय प्रस्तुत गरे भने बाँकी ६६.६% ले विद्यालयका शैक्षिक उपलब्धि बढाउन अभिभावकको आर्थिक लगानी ठीकै रहेको कुरा व्यक्त गरे । विद्यालयमा अभिभावकका लगानीको कारणले भौतिक विकास, सिकाइउपलब्धिमा पुगेको सहयोग र अतिरिक्त अवस्था कस्तो छ ? भन्ने प्रश्नमा ४३.७५% शिक्षकहरूले ठीकै र ७.२५% शिक्षकहरूले अभिभावकको आर्थिक लगानीको मात्रा न्यून रहेको जानकारी पाइयो। अभिभावकहरूलाई तपाईहरूको लगानीले शैक्षिक उपलब्धिमा कत्तिको सहयोग पुगेको छ ? भन्ने प्रश्नावली भराइएकोमा ५५.५५% ले राम्रो सहयोग पुगेको र ३०% ले खासै सहयोग नपुगेको र बाँकी १२.१२ ले ठीकै रहेको जवाफ दिए । विद्यार्थीहरू र अभिभावकहरूलाई पनि अभिभावकहरूको लगानीले सिकाइ उपलब्धि र गुणस्तरक्रममा कत्तिको सहयोग पुगेको छ? भन्ने प्रश्नगरेकोमा ६६.६६% विद्यार्थीले राम्रो सहयोग पुगेको र बाँकी १७.५% ले ठीकै सहयोग पुगेको व्यक्त गरे भने बाँकीले न्युन रहेको बताएँ । सोही प्रश्न वि.व्य.स. अध्यक्ष लाई गर्दा १००% ठीकै रहेको धारणा व्यक्त गरे ।

### ४.२.१ विद्यालयमा विद्यार्थीको उपस्थिति र नियमितता

छनोट परेका शिक्षकहरूले विद्यार्थीको उपस्थिति नियमितता, सक्रियता र सहभागिताका सम्बन्धमा प्रश्नावली गर्दा करिब ८५% विद्यार्थीको उपस्थिति नियमित र करिब ६२% विद्यार्थीको सक्रियता र सहभागिता राम्रो रहेको उत्तर पाइयो भने बाँकी १५% विद्यार्थीको

उपस्थितिमा अनियमितता र कक्षा छाड्ने गरेको पाइयो भने २८% विद्यार्थीले सानो समस्यालाई पनि समाधानमा चासो नगरेको सिकाइप्रति अभिप्रेरित नभएको देखिएको छ। कक्षा कार्य र गृहकार्यमा अधिकांश विद्यार्थीहरू सक्रिय रहेको पाइएको छ।

विद्यालयमा नियमित उपस्थित बढी हुने विद्यार्थीहरूको विषयगत शैक्षिक उपलब्धि बढी रहेको पाइयो भने कम उपस्थित हुने, सिकाइमा कम चासो राख्ने र कम जनचेतना भएको सम्प्रदायबाट आएका विद्यार्थीहरूको शैक्षिक उपलब्धि न्यून रहेको पाइयो। कक्षा कार्य र गृहकार्य नियमित गर्ने पद्धति रहेकोले शैक्षिक उपलब्धि सन्तोषजनक रहेको छ। अझ उपस्थिति र नियमिततालाई व्यवस्थित र उत्प्रेरणमूलक बनाएमा थप सिकाइ उपलब्धि बढ्ने देखिन्छ।

### ४.२.२ शैक्षिक उपलब्धि

काभ्रेपलाञ्चोक जिल्लाको सुदुरपूर्व कोशीपारीस्थित प्रभा उ.मा.वि. स्रोतकेन्द्र भौगोलिक हिसाबले विकट छ। तर वर्षेनी एस.एल. सी. परीक्षाको नतिजा विश्लेषण गर्दा शैक्षिक उपलब्धि राष्ट्रिय नतिजाको दर भन्दा अति राम्रो देखिन्छ। वर्षेनी औषत २०० जना विद्यार्थीहरूले प्रति वर्ष एस.एल.सी. उत्तीर्ण गरेको पाइन्छ। औषत २ जना विद्यार्थीले विशिष्ट श्रेणीमा ३०% विद्यार्थीले तृतीय श्रेणीमा र २०% विद्यार्थी अनुत्तीर्ण भएको तथ्याङ्क पाइएको छ।

**तालिका ४.२ शैक्षिक उपलब्धि (एस.एल.सी. उत्तीर्ण)**

| क्र.सं. | शैक्षिक सत्र | श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|---|
| १ | २०६६ | ३ | ८७ | १२० | ८ |
| २ | २०६७ | २ | ९५ | १३२ | ७ |
| ३ | २०६८ | ३ | ८४ | १२१ | १५ |
| ४ | २०६९ | १ | ७२ | १४४ | १२ |
| ५ | २०७० | २ | ७४ | १३६ | १० |

(स्रोतः स्थलगत सर्वेक्षण, २०७२)

काभ्रेपलाञ्चोक जिल्लाको सुदुरपूर्वी भेगमा अवस्थित प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूको अभिभावकको आर्थिक लगानीको अवस्था विश्लेषण गर्ने क्रममा सर्वेक्षण गरी प्राप्त गरिएका प्राथमिक तथ्यहरूलाई तालिकीकरण गरी सम्पूर्ण विद्यालयहरूको आम्दानी र खर्चलाई औषतमा प्रस्तुत गरी निम्नानुसार विश्लेषण गरिएको छ ।

त्यसैगरी छनोटमा परेको शिक्षकहरूलाई गृहकार्य, कक्षाकार्य, पाठ्यपुस्तकको समयमा नै प्राप्ति अतिरिक्त क्रियाकलापको सम्बन्धमा प्रश्नावली गर्दा पढाई बढी सैद्धान्तिक भएको शैक्षिक सामाग्रीको प्रयोग कम भएकोले गृहकार्य, कक्षा कार्यमा कठिनता आएको तर शिक्षण विधि अन्तरक्रियामुखी सहयोगी शिक्षक र साथीहरू भएकोले नियमित कक्षाकार्य र गृहकार्य गर्ने बताए । त्यस्तै समयमा पाठ्यपुस्तक पाउन नसेकेको अतिरिक्त क्रियाकलाप सिमित रहेको उनीहरूले बताए ।

अन्तमा विद्यार्थीहरूको सक्रियता बढाई गुणस्तर सिकाइउपलब्धि बढाउनमा जोड दिनुपर्ने देखिन्छ ।

### ४.२.३ शैक्षिक सामग्री

यस स्रोतकेन्द्रका माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक सामग्रीको उपलब्धता सम्वन्धमा छनोटमा परेका अभिभावकहरूलाई अन्तर्वार्तामा सहभागी गराइ प्रश्न गर्दा विद्यार्थीहरूले शैक्षिक सामग्री सहजरूपमा प्राप्त गरेको उत्तर पाइयो भने छनोटमा परेका शिक्षकहरूलाई शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग सम्वन्धमा प्रश्न गर्दा ९० प्रतिशत विद्यार्थीहरूले सहजरूपमा शैक्षिक सामग्री प्राप्त गर्ने गरेको ५ प्रतिशत विद्यार्थीलाई दाताहरूले शैक्षिक सामग्री उपलब्ध गराएको र ५ प्रतिशत विद्यार्थीहरूले विद्यालयबाट छात्रवृती स्वरूप शैक्षिक सामग्री पाएको साथै उपलब्ध शैक्षिक सामग्रीको भरपुर उपयोग गरेको उत्तर प्राप्त भयो भने  छनोटमा परेका वि.व्य.स. अध्यक्षलाई अन्तर्वार्तामा शैक्षिक सामग्रीको सम्वन्धमा प्रश्न गर्दा कक्षा कोठामा सामग्री सजावट हुन नसकेको तर भएका सामग्रीको प्रयोग भने भएको उत्तर प्राप्त भयो ।

### ४.२.४ पोशाक र खाजा

छनोटमा परेका ३ वटा सामुदायिक माद्यामिक विद्यालयमा विद्यार्थीहरूले टाई, बेल्ट, परिचय पत्र, जुत्ता, मोजा, निलो रंगको पाइन्ट र आकासे रंगको सर्ट प्रयोग गरेको अवलोकनबाट पाइयो भने खाजाको व्यवस्थाको सम्वन्धमा प्रधान अध्यापकलाई प्रश्न गर्दा ५० प्रतिशत विद्यार्थीहरूले नियमित खाजाको व्यवस्था गर्न नसकेको, टिफिन बक्सको व्यवस्था नभएको, क्यान्टीनको व्यवस्था नभएको पाईयो । सामान्य बजार रहेकोले करिब २५ प्रतिशत विद्यार्थीले बजारमा खाजाको व्यवस्था गरेको उत्तर छनोटमा परेका शिक्षकहरूले दिए ।

## ४.३ अभिभावकको शैक्षिक लगानीको समस्या र चुनौतीहरू

हुन त सामुदायिक विद्यालयहरूमा अभिभावकको आर्थिक लगानी प्रत्यक्ष र अप्रत्यक्ष रूपमा परापूर्वकालदेखि नै भएको पाइन्छ । तर देशमा राजनैतिक परिवर्तनसँगै शिक्षा नीति र नियममा पनि परिवर्तन हुँदै आएका छन् । वि.सं. २००७ सालदेखि २०७२ सालसम्म आउँदा अभिभावकको सहभागितामा अधिकांश समय विद्यालय सञ्चालनमा आएको देखिन्छ । यस शोधपत्रको प्रमुख उद्देश्य अभिभावकको आर्थिक लगानी वृद्धि गर्दा के-कस्ता समस्या तथा चुनौतीहरू रहेका छन् पत्ता लगाउनु हो ।

प्रभा उ.मा.वि. स्रोतकेन्द्रमा अभिभावकको आर्थिक लगानीका समस्या र चुनौतीहरू केके रहेका छन् ? भन्ने कुरा प्रष्ट हुन्छ । यो प्रश्नको उत्तर खोज्न शोधकर्ताले प्रभा उ.मा.वि. स्रोतकेन्द्रसँग सरोकार राख्ने विभिन्न व्यक्तिहरू प्र.अ. वि.व्य.स.अ. शिक्षक, शिक्षिकाहरू, अभिभावकहरूलाई प्रश्नावली तथा अर्न्तक्रियामा सामेल गराइएको थियो । उनीहरूले व्यक्त गरेका धारणा र अभिभावकहरू धेरै हदसम्म मिल्दाजुल्दा नै देखिन्छन् । प्र.अ.हरूको धारणामा अभिभावकहरूको चेतनामा कमी, विद्यालयमा भित्र राजनीतिकरणको कारण सरकारले विद्यालयप्रतिको चासोमा कमी हुनाले भोलिका दिनमा विद्यालयलाई कसरी अगाडि बढाउने भन्ने रहेको छ । समुदायमा सक्षम व्यक्तिको उपस्थिति कम रहनु पनि हो ।

त्यस्तै अध्ययन क्षेत्रभित्र रहेका वि.व्य.स.अ.हरूको धारणामा अभिभावकहरूको चेतनामा कमी, अभिभावकको आर्थिक अवस्थामा कमजोर रहनु, छात्रवृत्ति नाममात्रको हुनु, अभिभावक अशिक्षित हुनु, रहेको छ ।

त्यस्तै अध्ययन क्षेत्रमा रहेका अभिभावकको धारणा पारदर्शीताको अभाव, विद्यालयमा विश्वसनीय आर्थिक शैक्षिक वातावरण नहुनु, शिक्षकहरू राजनैतिक कार्यकर्ताको रूपमा उभिनु, छात्रवृत्ति लगायतका सेवा सुविधामा पूर्वाग्रह लिनु आदि रहेको छ । शिक्षक नियुक्तिमा राम्रो भन्दा राम्रो भन्ने मान्छेलाई नियुक्ति गर्नु ।

शिक्षकहरूलाई पनि प्रभा उ.मा.वि. स्रोतको अभिभावकको आर्थिक लगानीका समस्या र चुनौतीहरूको के-के हुन् भनी प्रश्नावली र अर्न्तक्रियामा सामेल गराउँदा अभिभावकहरू अशिक्षित रहेको सामुदायिक विद्यालय प्रति पूर्ण विश्वस्त हुन नसकेको, राजनैतिक हस्तक्षेप रहेको, व्यवस्थापन समिति विद्यालयको विकास भन्दा आफ्नो अभिष्ट पुरा गर्न तल्लिन रहेको कुरा व्यक्त गर्दछन् । त्यसैले शोधकर्ताले विभिन्न व्यक्तिहरूसँग अन्तरक्रिया र प्रश्नावलीमा माध्यमबाट पत्ता लगाएका समस्या र चुनौतीहरू छन् ।

### ४.३.१ गरीवी

यहाँका अभिभावकहरू कृषिमा निर्भर छन् । सामान्य श्रमदान र अतिरिक्त कक्षा सञ्चालन पाठ्यपुस्तक खरिद र आर्थिक सहयोग गर्छन । पशुपालन र सेवा पनि अभिभावकको आम्दानीको स्रोत हो । विद्यालयको आम्दानी सरकारी अनुदान गा.वि.स. अनुदान, अतिरिक्त कक्षा संचालन शुल्क परिक्षा शुल्क अभिभावकको आर्थिक सहयोग र केही विद्यालयको स्थिर भौतिक सम्पत्तिको प्रयोग बापतको शुल्क नै मुख्य हुन् । छनोटमा परेका विद्यालयका अभिभावकहरूको आर्थिक अवस्था कमजोर पाइएको छ । अभिभावकको कृषि तथा पशुपालन बाहेक भरपर्दो अन्य आम्दानीको स्रोत नहुनु, जनचेतनाको कमि हुनु, गरीव परिवारका विद्यार्थीहरूमात्र, प्रभा उच्च मा. वि. स्रोत केन्द्रका माध्यमिक विद्यालयमा पढ्नु मुख्य समस्या हो । गरीवीका कारणले शैक्षिक सामग्री किन्न समस्या परेका, अतिरिक्त कक्षा सञ्चालन भुक्तानीमा कठिनाइ भएको, खाजा व्यवस्थापनमा कठिनाइ भएको पाइएको छ ।

गरीवीको कारणले अभिभावकको लगानी न्यून रहेको, निरपेक्ष गरीवी २८ प्रतिशत यस क्षेत्रमा भएकोले गरीवीनै अभिभावकको लगानीको वाधक रहेको धारणा छनोटमा परेका प्रधान अध्यापकहरूको धारण रहेको छ । गरीवी अभिभावकको शैक्षिक लगानीको समस्या हो ।

### ४.३.२ जनचेतना

कुनैपनि संस्था सञ्चालन गर्नका लागि मुख्य रूपमा वित्त नै आवश्यक पर्दछ । विना वित्त संस्था सञ्चालन गर्न सकिँदैन । भएको वित्तलाई पनि सही तरिकाले परिचालन गर्न नसके त्यसबाट प्रभावकारीता र जवाफदेहिता राम्रो हुन सक्दैन । उपयुक्त तरिकाले परिचालन गरेपनि कुनै न कुनै समस्या त आउँछन् । आर्थिक पक्ष कुनै पनि संस्थाको रक्तसञ्चार हो । आर्थिक पक्षले शैक्षिक गुणस्तरमा मह␣वपूर्ण भूमिका खेल्दछ भन्ने कुराको जनचेतना आवश्यक पर्दछ तव मात्रै आर्थिक लगानीले शैक्षिक सुधार सिकाइ उपलब्धिमा वृद्धि विद्यार्थीको व्यवहार परिवर्तन गर्न सक्छ । देउसीभैलो कार्यक्रम श्रमदान लगायतका कार्यक्रमबाट अर्थ सङ्कलन गर्न सकिन्छ ।

प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूमा अभिभावकको आर्थिक लगानी वृद्धि गर्न लगानीको अधिकतम उपयोग गरी सुधार गर्न, सिकाइ उपलब्धि बढाउन र स्थानीय स्रोत तथा साधनको अधिकतम उपयोग गर्नुपर्ने कुरामा ५०% प्र.अ., ४४.४४% शिक्षक/शिक्षिका, ५०% अभिभावकको धारणा रहेको छ । त्यस्तै स्थानीय जनसहभागिता र जनसहयोग वृद्धि गर्ने कुरामा १६.६% प्र.अ. ५.५५% शिक्षक शिक्षिका ११.११% अभिभावकको धारणा रहेको देखिन्छ । विद्यालयको सम्पत्तिलाई बढी आयमूलक र उत्पादनशील बनाएर आर्थिक साधन वृद्धि गर्न सकिने कुरा १६.६% प्र.अ. ११.११% शिक्षक र २५% अभिभावक बताउँछन् । त्यस्तै देउसी, भैलो जस्ता कार्यक्रमबाट पनि विद्यालयले आर्थिक अवस्था सुधार गरी सम्पूर्ण शैक्षणिक क्रियाकलापलाई अगाडि बढाउन सकिने कुरा ५०% अध्यक्ष १६.६ % शिक्षक र ११.११% अभिभावकको धारणा रहेको पाइयो । त्यस्तै समाजमा वा शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने प्रत्येक नागरिक तथा अभिभावकहरूमा जनचेतना फैलाएर पनि आर्थिक अवस्थामा

सुधारलाई शैक्षिक उपलब्धिमा सहयोग पुग्ने कुरा विद्यालयका अध्यक्ष शिक्षक र अभिभावकहरू बताउछन् ।

अध्ययन क्षेत्रसँग सम्बन्धित प्र.अ. शिक्षक र अभिभावकहरूका अनुसार शैक्षिक उपलब्धि बढाउन, सिकाइलाई प्रभावकारी बनाउन सरकारी लगानी वृद्धि गर्नुपर्ने, अभिभावकहरूबाट निश्चित शुल्क उठाउनुपर्ने मितव्ययी ढंगबाट विद्यालयको व्यवस्थापन गर्नुपर्ने विद्यालयको सम्पत्तिलाई आयमूलक कार्यमा जोडनुपर्ने जस्ता कुरामा जोड दिइएको छ । प्रस्तुत अध्ययन क्षेत्र अनुसार लगानीको कारणले शैक्षिक उपलब्धि र गुणस्तरमा आउने समस्याका समाधानका उपायहरू पत्ता लगाइएको छ ।

### ४.३.३ बेरोजगारी

बेरोजगारी नेपालको मुख्य आर्थिक समस्या हो । यहाँका अभिभावकहरूको मुख्य पेशा कृषि तथा पशुपालन भएकोले अन्य वैकल्पिक आम्दानीको स्रोत नहुनाले, आय आम्दानीको अन्य स्रोत नहुनाले, दलित जनजातीको ३५ प्रतिशत वसोवास भएकोले वेरोजगारी रहेको पाइन्छ । अभिभावकको आर्थिक हैसियत कमजोर भएको कारणले शैक्षिक लगानीमा कमी रहेको पाइन्छ । विशेष गरी गरीव परिवारका विद्यार्थीहरूमात्रै प्रभा उ.मा.वि स्रोतकेन्द्रका मा.वि.मा पढ्नुले अभिभावकको शैक्षिक लगानी कमजोर भएको विभिन्न तथ्याङ्कहरूबाट प्रष्ट भएको पाइयो । छनोटमा परेका वि.व्य.स. अध्यक्षहरूलाई वेरोजगारी र शैक्षिक लगानी वीचको समस्या एवम् सम्वन्धमा प्रश्न गर्दा वेरोजगारी हुँदा आयआर्जन नहुने कारणले कापी, कलम, पोशाक, खाजा व्यवस्थापन गर्न नसकिने धारण पाइयो ।

### ४.३.४ सामाजिक असमानता

प्रभा उ.मा.वि. स्रोतकेन्द्रमा मा.वि.हरूमा शिक्षित व्यक्तिहरूको उपस्थिति कम रहनु, सक्षम अभिभावकहरू निजी विद्यालयप्रति आकर्षित हुनु, सामुदायिक मा.वि.मा विश्वसनीय शैक्षिक आर्थिक वातावरण नहुनु, राजनैतिक हस्तक्षेपको प्रभाव देखिनु, अभिभावको आम्दानी कम हुनु, उनीहरूले विद्यालयलाई अधिक लगानी गर्न सक्ने सम्भावना कम हुनु, सरकारले दिएको अनुदान पर्याप्त छ, हामीले केही गर्नु पर्दैन भन्ने मानसिकता रहनु, अभिभावकहरू

विद्यालयप्रति उदासिन रहनु जस्ता समस्या र चुनौतीहरू रहेको धारणा अध्ययन क्षेत्रका विद्यालयहरूमा पाइयो ।

विशेषपगरी छनोटमा परेका श्रृजनशिल उ.मा.वि.का ६० प्रतिशत अभिभावक जनजाती हुनु, प्रभा उ.मा.वि.मा २५ प्रतिशत अभिभावक दलित हुनु र समग्रमा ३० प्रतिशत अभिभावक निरपेक्ष गरीवीको रेखा मुनी हुनु , ५६ प्रतिशत शिक्षित र वाकी निरक्षर भएकोले चेतनामा कमि हुनु जस्ता सामाजिक न्यायसँग सम्वन्धित समस्याका कारण अभिभावकहरूको शैक्षिक लगानी र सिकाइ उपलब्धिमा समस्या रहेको पाइएको छ ।

## ४.४ अभिभावकको आर्थिक लगानीलाई विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभावकारी बनाउने उपायहरू

अभिभावकको आर्थिक लगानीले अपनत्व भावको विकास विद्यार्थीको सहभागिता र सक्रियता नियमतता सिकाइ उपलब्धिमा वृद्धि अभिभावकको चासोमा वृद्धि समग्र शैक्षिक सुधारमा सहयोगी बनेको पाइयो ।

### ४.४.१ सामाजिक सचेतना

नेपालका थोरै मात्र सामुदायिक विद्यालयहरू केही हदसम्म गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम भएको कुरालाई कसैले पनि नकार्न सक्दैन । सामुदायिक विद्यालयहरूमा गुणस्तरमा वृद्धि गर्न नेपाल सरकारले पहल नगरेको पनि होइन । सरकारले समय-समयमा विभिन्न किसिमका नीति नियमहरू निर्माण गरी सामुदायिक विद्यालयहरू सञ्चालन गरिरहेको छ । यो शोधपत्रको उद्देश्य अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा के-कस्ता परिवर्तनहरू आएका हुन् ? पत्ता लगाउने हो । यसै शिलशिलामा शोधकर्ताले सम्बन्धित क्षेत्रका प्रधानाध्यापकसँगको अन्तर्क्रियामा अभिभावकको आर्थिक लगानीमा वृद्धि भएपछि विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि भएको, भौतिक अवस्थामा सुधार आएको, विद्यार्थी उत्तीर्ण दरमा वृद्धि भएको, अभिभावकको सहभागितामा वृद्धि भएको, समुदाय, शिक्षक र विद्यार्थीबीच सम्बन्धमा सुधार भएको, अभिभावकको विद्यालयप्रतिको अपनत्वको भावना बढेको जस्ता कुराहरूमा परिवर्तन भएको बताएका छन् ।

अभिभावकको आर्थिक लगानीलाई वृद्धि गर्न थालिए पछि विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न धैरै मात्र भएपनि सहज भएको नतिजा प्राप्त भयो । किनकि विद्यालयमा हुने सम्पूर्ण कार्यमा अभिभावककै सहभागि कार्यक्रम सञ्चालन हुने गरेको पाइयो । तर पनि केही मात्रामा अभिभावकहरू विभिन्न राजनीतिक धारका भएको कारणले गर्दा मनमुटावको स्थिति पनि पैदा भएको पाइन्छ । प्रभा उ.मा.वि. स्रोतकेन्द्रमा अभिभावकको आर्थिक लगानीको वृद्धिले विद्यालयका कार्यक्रमहरू सञ्चालन गर्न केकस्तो स्थिति पैदा भएको छ भन्ने कुरा प्रष्ट हुन्छ । अध्ययन क्षेत्रका ६६.६% प्र.अ.ले कठिन स्थिति आएको धारणा व्यक्त गरेका छन् । बढाउन १६.१% ले प्र.अ.ले राजनैतिक प्रभाव बढी बैठक धारणामा व्यक्त गरेका छन् बाँकी १६.३% प्र.अ.ले खासै शैक्षिक उपलब्धिमा प्रभाव नपारेको धारणा व्यक्त गरेका छन् ।

माध्यमिक विद्यालयहरूको शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारीता ल्याई शैक्षिक उपलब्धि बढाउन प्रभा उ.मा.वि. स्रोतकेन्द्रले तय गरेका योजनाहरू निम्न रहेको कुरा सम्बन्धित क्षेत्रका प्र.अ. वि.व्य.स.अ. बताउँछन् ।

- सबै विद्यालयहरूलाई विद्यालय सुधार योजना तयार गर्न लगाइएको छ ।
- शिक्षक तालिमलाई आवधिक नियमित र व्यवस्थित बनाइएको छ ।
- निरीक्षण प्रणालीलाई चुस्त र नियमित बनाइएको छ ।
- कक्षा अवलोकन र शिक्षकलाई पृष्ठपोषण
- विषयगत शिक्षकहरूको स्रोतकेन्द्रमा बैंठक, अर्न्तक्रिया ।
- बाल मैत्री शिक्षण सम्बन्धी तालिम
- शैक्षिक सामग्री व्यवस्थापनको लागि तालिम गोष्ठी सञ्चालन ।
- स्रोतकेन्द्र मार्फत विद्यालयको सुपरिवेक्षण ।
- स्रोतकेन्द्र मार्फत विद्यालयको सुपरिवेक्षण
- विद्यालय भ्रमण कार्यक्रम
- स्रोतकेन्द्र स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन

) समय-समयमा स्रोतकेन्द्रस्तरीय नतिजा विश्लेषण र सुधार कार्यक्रम ।

सामुदायिक विद्यालय भन्ने वित्तिकै समुदायमा सञ्चालित विद्यालय हो । यसमा विभिन्न वर्गका बालबालिकाहरू पठनपाठनका लागि आउँदछन् । प्रभा उ.मा.वि. स्रोतकेन्द्र अन्तर्गत श्रृजनशील उ.मा.वि. मादनकुँडारी, स्वस्थानी मा.वि. मादन, प्रभा उ.मा.वि. कात्तिके देउराली, अरनिको मा.वि. पोखरीचौरी र जागृती उ.मा.वि. पोखरीचौरी, ग्रामविकास मा.वि. धुसेनी शिवालय पर्दछन् । विद्यालय आर्जन गर्न आउने बालबालिकाहरूलाई राम्ररी अध्यापन गराउनु शिक्षकको कर्तव्य हो । त्यसको लागि सहज वातावरण मिलाउने जिम्मेवारी अभिभावकको हो । प्रभा उ.मा.वि. स्रोतकेन्द्रको सम्पूर्ण व्यवस्थापनमा अभिभावकको कस्तो भूमिका हुनुपर्छ भन्ने कुरालाई प्रष्ट पारेको छ । अभिभावकको भूमिका कस्तो हुनुपर्दछ ? भन्ने सवालमा २३.३३ % विद्यार्थीले अभिभावकको सक्रिय भूमिका हुनुपर्दछ भन्ने धारणा व्यक्त गरे । ६३.३३ % विद्यार्थीहरूले अभिभावकको सक्रिय र निरन्तर रूपमा विद्यालयको मूल्याङ्कन गर्नुपर्ने धारणा व्यक्त गरे भने बाँकी १३.३४ % ले विद्यार्थीहरूले न्यून सहभागिता भएपनि पुग्छ भन्ने धारणा व्यक्र गरे ।

प्रभा उ.मा.वि. स्रोतकेन्द्रमा अभिभावकको आर्थिक लगानी र यसले शैक्षिक उपलब्धिमा पुऱ्याउने सहयोगका थुप्रै सम्भावनाहरू छन् ।

अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिलाई पुऱ्याउने सहयोगको सम्भावनालाई प्रष्ट पारेको छ । अध्ययन क्षेत्रका प्र.अ.हरूले अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिलाई पुऱ्याउने के-कस्ता सम्भावनाहरू छन् ? भन्ने सवालमा विद्यालय, अभिभावक र विद्यार्थी बीचको दुरी कम गरी लक्ष्य अनुरूप उपलब्धिहरू हासिल गर्न सकिने, विद्यालयप्रति चासो बढाई अपनत्वको भावना बढाउन, शैक्षिक चक्रिय क्षति घटाउन सकिने, विद्यालयको स्रोत र साधनको अधिकतम उपयोग गरी सिकाइ उपलब्धि बढाउन सकिने, विद्यालयमा स्वच्छ शैक्षिक वातावरण स्थापना गर्न सकिने धारणा व्यक्त गरेका छन् ।

शिक्षक/शिक्षिकाले प्रभा उ.मा.वि. स्रोतकेन्द्रमा अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा पुऱ्याउन सहयोग सम्बन्धमा यसले अभिभावक र विद्यालयप्रति उत्तरदायी

बनाउन, शिक्षा क्षेत्रमा हुने हड्ताल र बन्दलाई अन्त्य गर्न, अभिभावकलाई लगानीप्रति प्रोत्साहित गर्न, विद्यार्थीलाई लगानीप्रति बोध गराई उत्तीर्ण प्रतिशत वृद्धि गर्न सकिने धारणा व्यक्त गरेका छन् ।

यसैगरी वि.व्य.स.अ.हरूले प्रभा उ.मा.वि. स्रोतकेन्द्रमा अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा पुगेको सहयोग सम्बन्धमा शिक्षकहरूलाई विद्यार्थीको पढाईप्रति उत्तरदायी बनाई गुणात्मक शिक्षा प्रदान गर्न, स्थानीय आवश्यकता अनुरूपको शैक्षिक योजना निर्माण गर्न न्यूनतम खर्चबाट अधिकतम लाभ लिन लगानी र उपलब्धिको सम्बन्धलाई स्थापित गर्न सकिने धारणा व्यक्त गरेका छन् ।

प्रभा उ.मा.वि. स्रोतकेन्द्रमा अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा पुऱ्याउने सहयोगको भावी सम्भावनाहरू शिक्षकशिक्षिकाहरूको धारणालाई देखाइएको छ ।

### ४.४.२ सम्वन्ध र समन्वयको स्थापना

सामुदायिक विद्यालयहरूको आर्थिक अवस्थाले विद्यालयको भौतिक र अतिरिक्त क्रियाकलापमा पारेका प्रभावहरूमध्ये शैक्षिक उपलब्धिमा पारेको प्रभावको अध्ययन यो शोधपत्रको मुख्य विषयवस्तुको रूपमा रहेको अध्ययन क्षेत्रका प्रधानाध्यापकहरूलाई अभिभावकको आर्थिक लगानीको अवस्थाको कारणले कुनकुन शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न बाधा पुगेको छ वा कुन कुन शिक्षण सिकाइक्रियाकलाप प्रभावित भएका छन् र अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पारेको छ ? भन्ने प्रश्न गरिएकोमा निम्नानुसार पाइयो ।

अध्ययन क्षेत्रका माध्यमिक विद्यालयहरूका प्रधानाध्यापकहरूको अनुसार विद्यालयमा अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा प्रभाव पारेको कुरा प्रष्ट तालिका अनुसार छनोट भएका ३ वटा प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूमा अर्थात क्षेत्रका सबै विद्यालयहरूमा अभिभावकको आर्थिक लगानीको अवस्था कारण विद्यालयका शैक्षिक सामग्रीको पर्याप्त खरीद गर्न नसक्नु, शिक्षक संख्यामा कमी भई शिक्षण शिक्षण भार बढी भई प्रभावकारी शिक्षण हुन सकेको देखिँदैन । त्यस्तै आवश्यक प्रयोगशाला सामग्री किन्न

नसक्ने विद्यालयको संख्या १ रहेको छ । अभिभावकको आर्थिक लगानीको कमीले आर्थिक अवस्था कमजोर भएको कारण नयाँ शिक्षण विधि अपनाउन शैक्षणिक प्रविधि अपनाउन नसकेको विद्यालय २ अर्थात ६६.६७% रहेको छ । आर्थिक अवस्था कमजोर भएको कारण शिक्षकहरूलाई आवश्यक तालिम दिन नसक्ने, गरीब विद्यार्थीहरूलाई आवश्यक पाठ्यपुस्तक उपलब्ध गराउन नसक्ने, कक्षाकोठाको व्यवस्थापनमा समस्या, प्रश्नपत्र निर्माण र परीक्षा सञ्चालनमा समस्या रहेका विद्यालयहरू ५ रहेका छन् । अर्थात अध्ययन क्षेत्रका (८३.३३%) विद्यालयहरूले यी कुराहरूको व्यवस्थापन गर्न नसकेको देखिन्छ । त्यस्तै शैक्षिक सामाग्री र स्वअध्ययन सामग्रीको अभाव र समग्र विद्यार्थी मूल्याङ्कनमा समस्या रहेको विद्यालयको संख्या ५०% रहेको छ । विद्यार्थीहरूलाई क्षेत्र भ्रमण गराई प्रयोगशालाको ज्ञान दिन सके, प्रविधियुक्त सिकाइ भए अझ प्रभावकारी हुन्छ । २ विद्यालयले वाई-फाई जोडि कम्प्युटर ल्याब सहित शिक्षण गरेका छन् । अध्ययन क्षेत्र ५०% विद्यालयहरूले विद्यार्थीहरूलाई आवश्यक शैक्षिक सामग्रीको उचित व्यवस्थापन गर्न सकेको देखिँदैन ।

प्र.अ.को धारण  अनुसार विद्यालय, अभिभावक र विद्यार्थी बीचको दुरी कम गरी लक्ष्य अनुरूप उपलब्धिहरू हासिल गर्न, विद्यालय प्रतिचासो बढाई अपनत्वको भावना बढाउन, शैक्षिक चक्रिय क्षति घटाउन, विद्यालयको स्रोत र साधनको अधिकतम उपयोग गरी सिकाइउपलब्धि बढाउन सकिने विद्यालयमा स्वच्छ शैक्षिक वातावरण विद्यार्थीलाई लगानी प्रति बोध गराई उत्तीर्ण प्रतिशत वृद्धि गर्न आवश्यक रहेको उत्तर पाइयो । छनोटमा परेका वि.व्य.स. अध्यक्षलाई विद्यालयको सम्वन्ध र समन्वयका सन्दर्भमा प्रश्न गर्दा शिक्षकहरूलाई विद्यार्थीको पढाई प्रति उत्तरदायि बनाई गुणात्मक शिक्षा प्रदान गर्न, स्थानीय  आवश्यकता अनुरूपको शैक्षिक योजना निर्माण गर्न, न्यूनतम खर्चबाट अधिकतम लाभ लिन, लगानी र उपलब्धिको सम्बन्धलाई स्थापित गर्न समन्वय आवश्यक रहेको उत्तर पाइयो । स्थापना गर्न सहयोग पुगेको पाइयो । समुदाय, विद्यार्थी, शिक्षक र सरोकार पक्ष वीचको सम्वन्धले शैक्षिक उपलब्धि बढ्ने कुरा छनोटमा परेका प्र.अ.को उत्तर पाइयो । त्यसैगरी छनोटमा परेका शिक्षकशिक्षिकाहरूको सम्वन्ध र समन्वय किन चाहिन्छ भन्ने प्रश्नमा अभिभावक र

विद्यालयप्रति उत्तरदायि बनाउन, शिक्षा क्षेत्रमा हुने हड्ताल र बन्दलाई अन्त्य गर्न, अभिभावकलाई लगानी प्रति प्रोत्साहित गर्न,

समग्रमा अध्ययन क्षेत्रमा अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा पुऱ्याउने सहयोगको भावी सम्भावनाको सन्दर्भमा शिक्षाको गुणस्तर वृद्धि गर्न सकिने, राजनीतिक हस्तक्षेप बन्दगरी सिकाइमा सुधार ल्याउन सकिने । शिक्षकहरूलाई नतिजाप्रति प्रतिबद्ध बनाउने शिक्षकहरूलाई विद्यालय र विद्यार्थी प्रति उत्तरदायी बनाउन सकिने, निर्णय र कार्यान्वयन प्रक्रियामा पारदर्शीता ल्याउन सकिने, सिकाईलाई प्रभावकारी बनाउन सकिने धारणा व्यक्त  गरेको पाइयो ।

### ४.४.३ अभिभावक शिक्षा र अभिभावक भेलाको आयोजना

अभिभावको प्रत्यक्ष सहभागिता र सक्रियताले शिक्षण सिकाइ सुधार, सिकाइ उपलब्धि बढाउन महत्वपूर्ण सहयोग पुग्ने धारण छनोटमा परेका प्र.अ.हरूको रहेको पाइएको छ । प्रत्येक ६/६ महिनामा अभिभावक भेला गरी सिकाइ उपलब्धिको अवस्थाको विश्लेषण गरेर सिकाइ सुधारमा थप टेवा पुगेको पाइएको छ ।

**तालिका ४.३ अभिभावक शिक्षा र अभिभावक भेलाको आयोजना**

| क्र.सं. | विवरण | प्र.अ. | | शिक्षक/ शिक्षिका | | विद्यार्थी | | अभिभावक | | वि.सं. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १ | राम्रो सहयोग पुगको | ६ | १६.६६ | १८ | ५० | ३० | ६६.६६ | १८ | ५५.५५ | ६ | १०० |
| २ | ठीकै | | १६.६६ | | ४३.७५ | | १६.६ | | १२.१२ | | |
| ३ | न्युन वा कमजोर | | ६६.६६ | | ७.२५ | | १६.६ | | ३३.३३ | | |

(स्रोत: स्थलगत सर्वेक्षण २०७२)

समग्रमा प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.को शैक्षिक उपलब्धिको सहयोगमा अभिभावकको आर्थिक लगानीको पर्याप्तता सम्बन्धी अध्ययन गर्दा सबै अभिभावक, शिक्षक/शिक्षिका प्र.अ. विद्यार्थी, अध्यक्षहरूको अभिमत अनुसार माध्यमिक विद्यालयहरूमा विद्यालयका विभिन्न

किसिमका क्रियाकलाप सञ्चालन गर्न अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा उल्लेख्य सहयोग पुऱ्याउने तर लगानीको मात्रा अपर्याप्त रहेको जानकारी पाइयो त्यसकारण अभिभावकको आर्थिक लगानीको अवस्था न्यून पाइयो ।

सामुदायिक विद्यालयहरूमा आम्दानीको मुख्य स्रोत सरकारी अनुदान नै हो । जुन अनुदानले गर्दा विद्यालयको प्रायः सम्पूर्ण कार्यका लागि खर्च व्यवस्थापन गर्नुपर्दछ । तर आवश्यक मात्रामा अभिभावकको आर्थिक लगानी नहुनाले सामुदायिक विद्यालयहरूको आर्थिक अवस्था कमजोर हुन्छ जुन सामुदायिक विद्यालयहरूमा अभिभावकको आर्थिक लगानी पर्याप्त छ, त्यहाँ शैक्षिक स्तर सबल रहेको पाइएको छ । अभिभावकको आर्थिक लगानी कमजोर हुनुका कारणहरू ३३.३३% प्र.अ. र ३३.३३% शिक्षाका शिक्षिकाहरूले गरीबी नै मुख्य कारण रहेको व्यक्त गरे भने ३८.८८% प्रअ. र ५०% शिक्षक शिक्षिकाहरूले जनचेतनाको कमीले अभिभावकको आर्थिक लगानी कमी भएको बताए र बाँकी १६.६% प्र.अ. र ३३.३३% शिक्षक/शिक्षिकाहरूले सामुदायिक विद्यालयप्रति अविश्वास भएकोले अभिभावकको आर्थिक लगानी नभएको बताए ।

### ४.४.४ गरीवी निवारण कार्यक्रम सञ्चालन

अभिभावकको आर्थिक लगानीलाई बढाई विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रभावकारी बनाउन गरीवी निवारण कार्यक्रम सञ्चालन गनुपर्छ । स्थानिय निकायले सहयोग गरी, स्वरोजगार कार्यक्रम सञ्चालन गरिनु आवश्यक देदिन्छ । त्यसैगरी स्थानीय स्रोत र साधनको पहिचान र परिचालन गर्नुपर्दछ । लक्षित कार्यक्रम सञ्चालन गर्ने र सहकारीताको भावना विकास गरी गरीवी निवारण गर्ने धारणा छनोटमा परेका वि.व्य.स. अध्यक्षको पाइएको छ ।

**तालिका ४.४ गरीवी निवारण कार्यक्रम सञ्चालन**

| क्र. सं | प्रभावहरू | प्र.अ. | | शिक्षक | | अभिभावक | | अध्यक्ष | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १ | शैक्षिक सामाग्रीको उपलब्धता कमी | ३ | ५० | ८ | ४४.४४ | ९ | ५० | | |
| २ | प्रयोगशाला सामाग्रीको अभाव | १ | १६.६ | १ | ५.५५ | १ | ११.११ | | |
| ३ | नयाँ र आधुनिक शिक्षण विधि अपनाउन नसक्नु | १ | १६.६ | २ | ११.११ | ४ | २२.२२ | | |
| ४ | शिक्षक निर्देशिका र स्वअध्ययन सामाग्रीको अभाव | १ | १६.६६ | ३ | १६.६६ | २ | ११.११ | ३ | ५० |
| ५ | परीक्षा सञ्चालन र प्रश्नपत्र निर्माणमा समस्या | | | ४ | २.२२ | २ | ११.११ | ३ | ५० |

(स्रोतः स्थलगत सर्वेक्षणः २०७२)

समग्रमा, प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूमा अभिभावकको आर्थिक लगानीले सिकाइ क्रियाकलाप र शैक्षिक उपलब्धिमा असर पारेको देखिन्छ। साथै प्र.अ.हरूका धारणा अनुसार शिक्षक संख्यामा कमी, प्रयोगशाला सामग्रीको अभाव, तालिम प्राप्त शिक्षकको अभाव, गरिब विद्यार्थीहरूलाई पाठ्यपुस्तक उपलब्ध गराउन नसक्नु, कक्षाकोठाको व्यवस्थापनमा समस्या, परीक्षा सञ्चालन र प्रश्नपत्र निर्माणमा समस्या आदि जस्ता कारणले शैक्षिक उपलब्धिमा प्रभाव पारेको पाइयो।

### ४.४.५ सिकाइ उपलब्धिलाई उच्चतम बनाउने उपायहरू

सामुदायिक विद्यालयको गुणस्तर सिकाइ उपलब्धिलाइ अभिबृद्धि गर्न शिक्षको बृत्ति विकासलाई नतिजासँग आबद्ध गर्ने, स्वच्छ शैक्षिक वातावरण निर्माण गरी प्रभावकारी कार्यक्रम लागू गर्ने, सिकाइमा सञ्चार, समावेशी शिक्षा, अभिभावक शिक्षा, योजनाबद्ध शैक्ष्कि कार्यक्रम, विद्यालयको स्रोत साधनको अधिक उपयोग, अभिभावकको लगानीलाई

औचित्यपूर्ण, पारदर्शी बनाउने, गुणस्तर बृद्धि गर्ने, प्रयोगशालाको व्यवस्था, अतिरिक्त क्रियाकलापको सञ्चालन, निर्णयमा अभिभावकको सहभागिता गर्नु पर्दछ ।

**तालिका ४.५ सिकाइ उपलब्धिलाई उच्चतम बनाउने उपायहरू**

| क्र. सं. | समस्या समाधानका उपायहरू | प्र.अ. | | शिक्षक | | अभिभावक | | अध्यक्ष | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १ | स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्न | ३ | ५० | ८ | ४४.४४ | ९ | ५० | | |
| २ | अभिभावकको सहभागिता र सहयोगमा वृद्धि गर्ने | १ | १६.६ | १ | ५.५५ | १ | ११.११ | | |
| ३ | विद्यालयको सम्पत्तिलाई अधिक आयमुलक बनाउने | १ | १६.६ | २ | ११.११ | ४ | २२.२२ | | |
| ४ | देउसी, भैलो कार्यक्रमबाट आर्थिक सङ्कलन गर्ने | १ | १६.६६ | ३ | १६.६६ | २ | ११.११ | ३ | ५० |
| ५ | जनचेतना वृद्धि गर्ने | | | ४ | २.२२ | २ | ११.११ | ३ | ५० |

(स्रोतः स्थलगत सर्वेक्षण २०७२)

समग्रमा प्र.अ., शिक्षक, शिक्षिका र अभिभावकहरूको सहमतिलाई  माथि नै देखाइएको छ । स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्ने, अभिभावकको सहयोग र सहभागितामा वृद्धि गर्ने, विद्यालयको सम्पत्तिलाई आयमूलक र उत्पादनशील बनाउने, देउसी भैलो कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यक्रमबाट आर्थिक साधनमा वृद्धि गरी शैक्षिक उपलब्धि बनाउन सकिन्छ भन्ने कुरा प्रष्ट हुन्छ ।

# परिच्छेद पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

शिक्षा परिवर्तनको बाहक शिक्षा लगानी र उपभोग दुवै हो । शिक्षामा गरिने लगानी र यसबाट प्राप्त हुने प्रतिफलले शिक्षाको भविष्यलाई मार्ग निर्देशन गर्दछ । सक्षम आर्थिक व्यवस्थापन र प्रशासनिक व्यवस्थापनलाई गुणात्मक शिक्षा प्रदान गर्न उल्लेख्य सहयोग गर्दछ । विद्यालयको आर्थिक व्यवस्थापनमा सरकार एक्लैले गरेको प्रयासले शैक्षिक उपलब्धिलाई दिगो र अधिक प्रतिफलयुक्त बनाउन सकेको देखिएन । तसर्थ शैक्षिक उपलब्धिलाई दिगो, प्रतिफलयुक्त बनाउन अभिभावकको आर्थिक लगानी आवश्यक देखिन्छ । यसले विद्यालयहरूको गुणस्तर वृद्धि र प्रभावकारीतामा निःसन्देह अभिवृद्धि गरी शैक्षिक उपलब्धिलाई ठोस सहयोग पुऱ्याउने कुरा निश्चित छ । यस शोधपत्रको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

काभ्रेपलाञ्चोक जिल्लाको कोशिपारी स्थित सुदुरपूर्वमा रहेको प्रभा उ.मा.वि. स्रोतकेन्द्रमा माध्यमिक विद्यालयमा अभिभावकको आर्थिक लगानी र यसले शैक्षिक उपलब्धिमा पुगेको सहयोगको सन्दर्भमा ती सामुदायिक विद्यालयहरूका आम्दानीका स्रोतहरू, प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूमा अभिभावकको आर्थिक लगानीको अवस्था पत्ता लगाउनु, लगानीले शिक्षण सिकाइ क्रियाकलापमा पार्ने प्रभाव र शैक्षिक उपलब्धिमा पुगेको सहयोग र त्यसको समाधानको उपायहरू साथै भावी सम्भावनाहरूको अध्ययन गर्ने सन्दर्भमा गरिएको अध्ययनका मा.वि.का प्र.अ. अभिभावक, शिक्षकशिक्षिका, वि.व्य.स.अ. विद्यार्थीहरूसँग गरिएको प्रत्यक्ष भेटवार्ता, अन्तरक्रिया र प्रश्नावलीबाट प्राप्त जानकारीका आधारमा निम्नलिखित परिणामहरू पाइएका छन् ।

प्रभा उ.मा.वि. स्रोतकेन्द्रको अभिभावकको आर्थिक लगानी प्रतिवर्ष बढ्दै गएको र यस लगानीले वार्षिक शैक्षिक क्षति घटाउँदै लगेको देखिन्छ । शिक्षामा गरिएको लगानी र त्यसबाट प्राप्त प्रतिफलको विश्लेषण गर्दा शैक्षिक लगानी विकास भन्दा प्रशासनिक खर्च तर्फ ढल्किएको पाइन्छ जसको फलस्वरूप विद्यालयको शैक्षिक र भौतिक अवस्थामा

आशातीत् सुधार हुन सकेको देखिँदैन । गुणात्मक शिक्षा प्रदान गर्न विद्यालयको भौतिक अवस्थाका साथसाथै दक्ष जनशक्ति, शैक्षिक सामग्री, उपयुक्त शिक्षण विधि, प्रभावकारी मूल्याङ्कन प्रक्रिया जस्ता पक्षहरूमा ध्यान दिनु पर्दछ । यसका लागि आवश्यक पर्ने वित्तीय स्रोतमा लागत साझेदारी व्यवस्थापन समेत गर्नु जरूरी छ । प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूमा सम्पूर्ण सरोकारवाला वि.व्य.स. शि.अ.सं र शिक्षकहरूले आफ्नो बालबालिकाहरूलाई तिनै विद्यालयहरूमा अध्ययन गर्न लगाएमा थप जिम्मेवारी बोध भई सिकाइ उपलब्धि बढ्ने देखिन्छ । शैक्षिक लगानीमा सरकारको दायित्व र सर्वसाधारण अभिभावकको दायित्व स्पष्ट पारी सम्पूर्ण मा.वि.हरूको आर्थिक अवस्थालाई सुदृढ तुल्याई प्रभावकारी शिक्षण पद्दतिबाट अधिकतम् शैक्षिक उपलब्धि गर्नुपर्ने कुरामा सबैले सोच्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

नेपाल सरकारले सामुदायिक विद्यालयको गुणस्तर, सिकाइ उपलब्धिलाई अभिवृद्धि गर्ने, शिक्षकको वृत्ति विकासलाई नतिजासँग आबद्ध गर्ने स्वच्छ शैक्षिक वातावरण निर्माण गर्ने कार्यक्रम प्रभावकारी रूपमा लागू गर्नु पर्ने देखिन्छ ।

सञ्चारका माध्यमहरू रेडियो, टेलिभिजन, पत्र पत्रिकाका माध्यमबाट अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा पुऱ्याउने योगदान सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

प्रभा उ.म.ावि. स्रोतकेन्द्रका मा.वि.हरूमा स्वच्छ शैक्षिक प्रतिस्पर्धाको वातावरण अभिभावक शिक्षाको प्रचारप्रसार, योजनाबद्ध शैक्षिक कार्यक्रम, लागत-साझेदारी लगानीलाई समतामूलक प्रयोग, विद्यालयहरूको स्रोत साधनको अधिक उपयोग अभिभावकको आर्थिक लगानीलाई औचित्यपूर्ण, पारदर्शी जवाफदेही बनाई शिक्षाको गुणस्तरमा वृद्धि गर्न सकिन्छ ।

प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूमा राजनैतिक भावना लाई निरूत्साहित गरी लगानीमा पारदर्शीता, शिक्षामा जवाफदेहिता र कार्यान्वयनमा ऐक्यबद्धता कायम गर्न सकेमा शैक्षिक उपलब्धि गुणात्मक सुधार हुने देखिन्छ ।

यसरी प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि. हरूमा शैक्षिक उपलब्धि बढाउन कस्तो जनशक्ति आवश्यक पर्दछ ? विद्यालयको लागि सरकारी अनुदानको मात्रा र अभिभावकको आर्थिक लगानीको मात्रा र त्यसको सदुपयोग कसरी गर्न सकिन्छ भन्ने तर्फ विचार गरेमा प्रभावकारीता बढाई अधिकतम शैक्षिक उपलब्धि हासिल हुन सक्छ भन्ने निष्कर्ष यो अध्ययनबाट प्राप्त हुन्छ ।

## ५.२ सुझाव

प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.को अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा पुऱ्याउने भावि सम्भावनालाई उजागर गर्न निम्नानुसार सिफारिस गरिन्छ ।

### ५.२.१ नीतिगत तह

सामुदायिक विद्यालयहरूमा उत्पादित उत्कृष्ट विद्यार्थीहरूलाई रोजगारी दिने व्यवस्था सहितको शैक्षिक कानून निर्माण गर्नु पर्छ । आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई शैक्षिक ऋणको उचित प्रबन्ध गरिने व्यवस्था शिक्षामा ऐन गरिनु पर्छ । कार्य तालिका निर्माण गरी शिक्षक सेवा आयोगले नियमित रूपमा स्थायी शिक्षकको पद पूर्ति गर्ने व्यवस्था नीतिगत रूपमा गर्नुपर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

वर्तमान सन्दर्भमा सामुदायिक विद्यालयहरूको गुणस्तरमा ह्रास आएकोले यसको समाधान गर्न अभिभावकको संलग्नतालाई उल्लेख्य बनाउनुपर्ने देखिन्छ । प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूले परिमाणात्मक वृद्धि भन्दा गुणात्मक वृद्धितर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । प्रभा उ.मा.वि. स्रोतकेन्द्रमा मा.वि.को आय-व्यय अवस्था र लेखापरीक्षण गर्ने काम अभिभावकको संलग्नतामा गरिनुपर्छ । विद्यालयमा आवश्यक पर्ने आय, आर्जन गर्न विद्यालयको अचल सम्पत्तिलाई अधिकतम उपयोग गरी उत्पादनमूलक बनाउनु पर्दछ । स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी, शैक्षिक सामग्री निर्माण गरी सिकाइस्तर वृद्धि गर्नुपर्छ । समुदायका सम्पूर्ण व्यक्तिको सामुदायिक विद्यालय प्रति सकारात्मक धारणाको विकास गर्नुपर्दछ ।

प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूको आर्थिक व्यवस्थापनमा अभिभावकको आर्थिक लगानीको टड्कारो आवश्यक रहेकोले यसलाई प्रभावकारी बनाउन अभिभावक चेतनामूलक कार्यक्रम गर्नुपर्ने देखिन्छ । नेपाल सरकारले माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क मानेता पनि शैक्षिक सुधारका लागि आंशिक रूपमा आर्थिक लगानी उपयोग गर्नुपर्ने देखिन्छ।

विद्यालयमा प्रभावकारी सुपरीवेक्षण पद्दति लागु गरी शिक्षकहरूलाई विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी शिक्षण सिकाइ प्रक्रिया अवलम्बन गरी सिकाइ उपलब्धि बढाउन प्रेरित गर्ने व्यवस्था गर्नुपर्दछ ।

विद्यालयको भौतिक र शैक्षिक अवस्थाको सुधार गर्न स्थानीय निकाय, विभिन्न गैरसरकारी संस्था अन्र्तराष्ट्रिय गैरसरकारी संस्थासँग सहयोगको लागि अनुरोध गर्नुपर्छ ।

सफल शैक्षिक विकास नै देश विकासको पूर्वाधार भएकोले यसका लागि विद्यालयको सु-सञ्चालन र व्यवस्थापनमा अभिभावकको सक्रियता र सहभागिता बढाई शैक्षिक स्तर वृद्धि गर्नुपर्दछ ।

अस्थायी शिक्षक नियुक्तिमा योग्यता र क्षमतालाई मुल आधार मानी प्रतिस्पर्धाका आधारमा गर्नुपर्छ । र कार्यरत शिक्षकलाई बेलाबेलामा तालिमको व्यवस्था गरी शैक्षिक उपलब्धि बढाउनु प्रेरित गर्नुपर्दछ । विद्यार्थीले कुन तरिकाबाट सिक्छन् ती कुरामा ध्यान पु¥याउनु पर्दछ ।

विद्यार्थीहरूको समस्यार्लाई मनोवैज्ञानिक तरिकाले बुझि उत्प्रेरणात्मक कार्य गर्नुपर्दछ । शिक्षण सिकाइमा प्रविधिको उपयोगलाई बढाउनु पर्दछ । अभिभावकको आर्थिक लगानीलाई पारदर्शी र जवाफदेही बनाउनु पर्छ । अभिभावकको आर्थिक लगानीलाई सिकाइ उपलब्धिसँग जोडी गुणस्तर वृद्धि तर्फ ध्यान दिनु पर्छ ।

### ५.२.३ अनुसन्धान तह

अभिभावकको आर्थिक लगानी र सिकाइ उपलब्धिका सम्बन्धमा गरिएको यो अध्ययनले नै सबैकुराहरूलाई उजागर गर्न समर्थ छ भन्ने होइन । यस सम्बन्धमा अझ धेरै अध्ययन अनुसन्धानको टड्कारो खाँचो छ । यहाँ अध्ययनका लागि केही विषयहरू सिफारिस गरिएको

छ । अभिभावकको आर्थिक लगानी र माध्यमिक तहका विद्यार्थीहरूको सिकाइप्रवृत्तिमा भूमिका, अभिभावकको आर्थिक लगानीका समस्या र सिकाइ एवम् उपलब्धिको प्रवृत्तिगत अवस्था आदि हुन् ।

# सन्दर्भसामग्रीहरू


कार्की, भक्तबहादुर (२०६५). *५० प्रतिशत छात्रवृत्तिले खुद भर्नादरमा पारेको प्रभाव.* काठमाडौँ : स्नातकोत्तर शोधपत्र ।

काफ्ले, वासुदेव तथा अन्य (२०६५).*शिक्षाको वित्तशास्त्र.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

काफ्ले, वासुदेव तथा अन्य (२०६४).*शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार.* काठमाण्डौः जुपिटर पब्लिकेशन प्रा.लि. ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र बहादुर (२०६२). *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल तथा अन्य (२०६६). *शैक्षिक अनुसन्धान पद्धति.* काठमाडौँ : सनलाईट पब्लिकेशन ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (CERID) (२०६६). *विकासको निम्ति शिक्षा.* काठमाण्डौः लेखक ।

वाग्ले मनप्रसाद तथा कार्की, उपेन्द्र कुमार (२०६५). *शिक्षाका आधारहरू .* काठमाडौँ : विद्यार्थी पुस्तक, भक्तपुर ।

बखती, प्रमिला (२०६१). *भक्तपुर जिल्लाको सार्वजनिक प्राथमिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको बीचैमा पढाइ छाड्नुका कारणहरू.* काठमाडौँ : स्नातकोत्तर शोधपत्र ।

माथेमा, शुशिल भक्त तथा अन्य (२०६३). *शिक्षाका आधारहरू .* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

मैनाली, विनोद (२०५६). *विद्यालय स.व्यवस्थापनमा प्रधानाध्यापकले सामना गर्नुपरेका कठिनााइहरू . (एम.एड. दोस्रो वर्षको शोधपत्र).* काठमाडौँ : शिक्षात्रशास्त्र केन्द्रिय विभाग ।

लम्साल, हरिप्रसाद (२०६५). *आर्थिक प्रतिवदन.* काठमाडौँ : सोपान प्रकाशन ।

थापा, बिजय कुमार तथा अन्य (१९९५). *आर्थिक सर्वेक्षण.* काठमाडौँ : (CERID) शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

पाण्डे, रेणुका (२०६३). बाग्लुङ *जिल्लामा प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थी नियमितता र शैक्षिक उपलब्धिमा पारेको प्रभाव.* काठमाडौँ : त्रिवि स्नातकोत्तर शोधपत्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६२, २०६३, २०६४ र २०७१). *शिक्षा.* भक्तपुरः लेखक ।

शिक्षा विभाग (२०६५). *शैक्षिक सूचना संगालो.* भक्तपुर : लेखक ।

शिक्षा विभाग(२०६३/६४). *शिक्षा विभागद्वारा गरिएका अध्ययनहरुको प्रतिवेदन.* शिक्षा तथा खेलकुद मन्त्रालय, अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा, सानोठिमी, भक्तपुर : लेखक ।

शर्मा एण्ड शर्मा (२०६६). *शिक्षाको आधारहरू .* काठमाडौँ : एम के. पब्लिकेशन ।

शर्मा नीलम कुमार (२०६६). *शिक्षा र अर्थशास्त्र.* काठमाडौँ : पैरवी पब्लिकेशन ।

शिक्षा विभाग (२०६६). *शैक्षिक सूचना संगालो.* भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६३). *सामुदायिक विद्यालय कार्यान्वयन निर्देशिका.* भक्तपुर : लेखक ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०५५). *उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन.* काठमाडौँः लेखक ।

शोधपत्र, (२०६९). *ढकाल शिव प्रसाद.* सामुदायिक विद्यालयहरूको वित्तिय व्यवस्थामा समुदायको अवस्था ।

CERID (2008). *Education and development.* Kathmandu: Athor

Thus, Roct and morphe EL. (1975). *The economics and financing of education.* New jercy: prenticehall, TNC.

## अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची-१

प्रधानाध्यापक लागि प्रश्नावली

नाम: विद्यालय:

तह: शैक्षिक योग्यता

तालिम विद्यालय

अनुभव:

१. तपाईको विद्यालयमा प्राप्त हुने आम्दानीको स्रोतहरू के-के हुन् ?

क) नेपाल सरकार ख) अतिरिक्त कक्षा शुल्क ग) परीक्षा शुल्क घ) अन्य

२. तपाईको विद्यालयमा अभिभावकको वार्षिक आर्थिक लगानी कति छ ?

३. के तपाईको विद्यालमाय वार्षिक बजेट तयार गरी सोही अनुसार आर्थिक कृयाकलपाप सञ्चालन गर्ने गरिएकोछ ?

क) छ ख) छैन ।

४. के अभिभावकको आर्थिक लगानीबाट विद्यालयका शैक्षिक क्रियाकलापमा अपेक्षाकृत परिवर्तन आएको छ ?

क) छ ख) छैन ।

५. विद्यालयमा प्राप्त हुने आम्दानीले विद्यालयको न्यूनतम आवश्यकता पूरा गर्न सक्षम हुन

क) छ ख) छैन

६. विद्यालयमा बजेट खर्च हुने प्रमुख खर्चका शीर्षकहरू के के हुन् ?

७. विद्यार्थीहरू बाट कुनै शुल्क उठाउने गरेको छ कि छैन ?

क) छ ख) छैन

८. शिक्षण सिकाइ क्रियाकलपालाई प्रभावकारी बनाउन अभिभावकको लगानीले सहयोग पुऱ्याएको छ कि छैन ?

क) छ ख) छैन ।

९. तपाईको विद्यालयमा अभिभावको आर्थिक लगानीका कारण तलका मध्ये कुनकुन शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी समस्याहरू प्रभावति हुन् ?

क) शैक्षिक सामाग्रिको उपलब्धतामा कमी

ख) प्रयोगशाला सामाग्रीको अभाव

ग) शैक्षिक भ्रमणको कार्यक्रम तय गर्न नसक्नु कक्षाकोठा व्यवस्थापनमा समस्या

घ) परीक्षा सञ्चालन र प्रश्नपत्र निर्माणमा समस्या

ङ) शिक्षक तलबभत्तालाई समयमा भुक्तान गर्न नसक्नु ।

१०. अभिभावकको आर्थिक लगानीद्वारा विद्यार्थीको सिकाइ उपलब्धिलाई उच्चतम बनाउन के-के गर्नुपर्छ ?

क) आर्थिक पारदर्शिता । ख) लगानीको अधिकतम उपयोग ग) नतिजाप्रति जवाफदेहिता

घ) माथिका सबै

## अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची-२

### अभिभावकको लागि प्रश्नावली

नाम: सम्बन्धित विद्यालय :

१. विद्यालयको आर्थिक गतिविधिहरू मा तपाईले कतिको चासो राख्नु भएको छ ?

क) पूर्णरूपमा राख्छु । ख) कहिलेकाही राख्छु ग) राख्दिन ।

२. कक्षाकोठाको व्यवस्थापन र परीक्षा सम्चालन गर्न खर्चका लागि विद्यालयको आम्दानी विद्यार्थी संख्याको आधारमा सुहाउँदो छ कि छैन ?

क) छ ख) छैन ।

३. विद्यालयको आर्थिक व्यवस्थापनमा अभिभावकको लगानीका चुनौतीहरू के-कस्ता रहेका छन् ?

४. विद्यालयको आर्थिक पक्षलाई बलियो बनाउन के गर्नुपर्ला ?

क) सरकारी अनुदान बढाउनु पर्छ । अभिभावकबाट शुल्क लिनुपर्छ ग) स्थानीय स्रोत र साधनको अधिकत उपयोग गरिनुपर्छ ।

५. अभिभावकको लगानीले शैक्षिक उपलब्धिमा के-कस्तो प्रभाव पार्छ ?

क) शिक्षक सिकाइ क्रियाकलाप प्रभावकारी बनाउँछ ।

ख) विद्यालयको सिकाइ स्तर र सिकाइ उपलब्धि बढाउछ ।

ग) विद्यालयप्रति अपनत्व भाव बढाउँछ ।

घ) अन्य ।

६. प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरू को आर्थिक अवस्था समग्रमा कस्तो देख्नुहुन्छ ?

क) सबल ख) ठीक ग) ठीकै

७. के अभिभावकको लगानीले शैक्षिक उपलब्धि बढाउन मद्दत गर्छ ?

क) गर्छ ख) गर्दैन ।

८. समग्र प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरू को आर्थिक अवस्था सुधार्न केके गर्नुपर्ला ?

क) ख) ग) घ)

९. समग्रमा प्र.भा. उ.मा.वि. स्रोकेन्द्रका मा.वि.हरू को शैक्षिक अवस्था सुधार्न केके गर्नुपर्ला?

क) ख) ग) घ)

१०. विद्यार्थीको सिकाइ उपलब्धिलाई उच्चतम् बनाउन के कस्ता उपायहरू हुन सक्छन् ?

क)　　　　　　ख)　　　　　　ग)　　　　　　घ)

११. तपाईको विद्यालयमा अभिभावकको आर्थिक लगानीका कारण तलका मध्ये कुनकुन शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी समस्याहरू हुन् ?

क) शैक्षिक सामग्रीको उपलब्धतामा कमी

ख) प्रयोगशाला सामाग्रीको अभाव

ग) शैक्षिक भ्रमणको कार्यक्रम तय गर्न नसक्नु कक्षाकोठा व्यवस्थापनमा समस्या

घ) परीक्षा सञ्चालन र प्रश्नपत्र निर्माणमा समस्या

ङ) शिक्षक तलबभत्तालाई समयमा भुक्तान गर्न नसक्नु ।

१२. अवका दिनमा तपाई विद्यालयको आम्दानी बढाउन कसरी अगाडि बढ्नु हुन्छ ? लेख्नुहोस् ।

क)　　　　　　ख)

## अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची-३

## शिक्षकका लागि प्रश्नावली

नामः विद्यालय

तहः शैक्षिक योग्यताः

तालिमः विद्यालयमा सम्बन्धित कक्षा

१. शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्व अभिभावकको आर्थिक लगानीमात्र हो त ? क) हो ख) होइन

२. तपाईको विद्यालयको आम्दानीका स्रोतहरू केके हुन् ?

क) ख) ग) घ)

३. विद्यालयको आर्थिक व्यवस्थापनमा अभिभावकको लगानीका चुनौतीहरू के-के हुन् ?

क) ख) ग) घ)

४. तपाईको विद्यालयमा अभिभावकको आर्थिक लगानीका कारण तलका मध्ये कुनकुन शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी समस्याहरू हुन् ?

क) शैक्षिक सामाग्रीको उपलब्धतामा कमी

ख) प्रयोगशाला सामाग्रीको अभाव

ग) शैक्षिक भ्रमणको कार्यक्रम तय गर्न नसक्नु कक्षाकोठा व्यवस्थापनमा समस्या

घ) परीक्षा सञ्चालन र प्रश्नपत्र निर्माणमा समस्या

ङ) शिक्षक तलबभत्तालाई समयमा भुक्तान गर्न नसक्नु ।

५. प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरू को सम्पूर्ण आर्थिक अवस्थामा सुधार गर्न के कस्ता उपायहरू अपनाउनु पर्ला ? लेख्नुहोस् ।

६. तपाईको विद्यालयको आर्थिक अवस्था कस्तो देख्नुहुन्छ ?

७. तपाईको विद्यालयको शैक्षिक अवस्था कस्तो देख्नुहुन्छ ?

क) राम्रो ख) कमजोर ग) ठीकै

८. तपाईको विद्यालयमा के-कस्ता शैक्षणिक क्रियाकलाप र अतिरिक्त क्रियाकलापहरू हुने गर्दछन् ? लेख्नुहोस् ।

क) ख) ग) घ)

९. के अभिभावकको लगानीले सिकाइ उपलब्धि बढाएको छ ?

क) छ　　　　　ख) छैन ।

१०. विद्यार्थीको सिकाइ उपलब्धिलाई उच्चतम् बनाउन के कस्ता उपायहरू हुन सक्छन् ?

क)　　　　　ख)　　　　　ग)　　　　　घ)

११. अभिभावकको लगानीले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

क)　　　　　ख)　　　　　ग)　　　　　घ)

## अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची-४,

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

नाम: सम्बन्धित विद्यालय

१. विद्यालयको आर्थिक पक्षलाई बलियो बनाउन के कस्ता आम्दानीका स्रोतहरू बढाउन सकिन्छ ?

क) ख) ग) घ)

२. प्रभा उ.मा.वि. स्रोकेन्द्रका मा.वि.हरू को आर्थिक अवस्था कमजोर हुनुका कारणहरू केके हुन् ?

३. विद्यार्थीको सिकाइ उपलब्धिलाई उच्चतम् बनाउन के कस्ता उपायहरू हुन सक्छन् ?

क) ख) ग) घ)

४. तपाईको विद्यालयमा अभिभावकको आर्थिक लगानीका कारण तलका मध्ये कुनकुन शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी समस्याहरू हुन् ?

क) शैक्षिक सामग्रीको उपलब्धतामा कमी

ख) प्रयोगशाला सामग्रीको अभाव

ग) शैक्षिक भ्रमणको कार्यक्रम तय गर्न नसक्नु कक्षाकोठा व्यवस्थापनमा समस्या

घ) परीक्षा सञ्चालन र प्रश्नपत्र निर्माणमा समस्या

ङ) शिक्षक तलबभत्तालाई समयमा भुक्तान गर्न नसक्नु ।

५) अभिभावकको आर्थिक लगानीहरू के के हुन् ?

क) ख)

६) अभिभावकको लगानीले विद्यार्थी के कस्तो शैक्षिक सुधार गरेको छ ?

क) कक्षा सहभागिता बढाएको छ । ख) नतिजा बढाएको छ

ग) गृहकार्य र कक्षाकार्य गर्ने बानी बढाएको छ ।

घ) माथिका सबै

७) मा.वि. तहको सिकाइ उपलब्धिलाई अझ प्रभावकारी बनाउन के के गर्नुपर्ला ?

क) ख) ग) घ)

८. वि.व्य.स.को अध्यक्षको हैसियतले भावी दिनमा विद्यालय आर्थिक अवस्थामा सुधार ल्याउन, सिकाइ उपलब्धि बढाउन के-के योजनाहरू रहेका छन् ?

**अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव**

## अनुसूची-५

## विद्यार्थीको लागि प्रश्नावली

नाम: विद्यालय

कक्षा: विद्यालयमा सम्बन्धित कक्षा

१. शैक्षिक उपलब्धिलाई प्रभाव पार्ने तत्व अभिभावकको आर्थिक लगानीमात्र हो त ?

क) हो ख) होइन

२. तपाईको विद्यालयको आम्दानीका स्रोतहरू केके हुन् ?

क) ख) ग) घ)

३. विद्यार्थीको सिकाइ उपलब्धिलाई उच्चतम् बनाउन के कस्ता उपायहरू हुन सक्छन् ?

क) ख) ग) घ)

४. तपाईको विद्यालयमा अभिभावकको आर्थिक लगानीका कारण तलका मध्ये कुनकुन शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी समस्याहरू हुन् ?

क) शैक्षिक सामाग्रिको उपलब्धतामा कमी

ख) प्रयोगशाला सामाग्रीको अभाव

ग) शैक्षिक भ्रमणको कार्यक्रम तय गर्न नसक्नु कक्षाकोठा व्यवस्थापनमा समस्या

घ) परीक्षा सम्पालन र प्रश्नपत्र निर्माणमा समस्या

ङ) शिक्षक तलबभत्तालाई समयमा भुक्तान गर्न नसक्नु ।

५) अभिभावकको लगानीले विद्यार्थी के कस्तो शैक्षिक सुधार गरेको छ ?

क) कक्षा सहभागिता बढाएको छ । ख) नतिजा बढाएको छ

ग) गृहकार्य र कक्षाकार्य गर्ने बानी बढाएको छ ।

घ) माथिका सबै

६) मा.वि. तहको सिकाइ उपलब्धिलाई अझ प्रभावकारी बनाउन के के गर्नुपर्ला ?

क) ख) ग) घ)

७) प्रभा उ.मा.वि. स्रोतकेन्द्रका मा.वि.हरूको सम्पूर्ण आर्थिक अवस्थामा सुधार गर्न के कस्ता उपायहरू  अपनाउनु पर्ला ? लेख्नुहोस् ।

८. तपाईको विद्यालयको शैक्षिक अवस्था कस्तो देख्नुहुन्छ ?

क) राम्रो  ख) कमजोर  ग) ठीकै

९. तपाईको विद्यालयमा के-कस्ता शैक्षणिक क्रियाकलाप र अतिरिक्त क्रियाकलापहरू  हुने गर्दछन् ? लेख्नुहोस्  ।

क)  ख)  ग)  घ)

१०. तपाईको विद्यालयमा सिकाइ उपलब्धि बढाउन आर्थिक पक्षले कस्तो सहयोग पुऱ्याएको छ ?

## अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ६

### शिक्षकका लागि प्रश्नावली

विद्यालयको नाामः ठेगानाः

शिक्षकको नामः

शैक्षिक योग्यताः शिक्षण अनुभव

१. अभिभावकको लगानीहरू के-के हुन् ? कुनै चार वटा उल्लेख गर्नुहोस् ।

२. अभिभावकको आर्थिक लगानीले बालबालिकाको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ । पाँच वटा बुँदागत उत्तर दिनुहोस् ।

३. अभिभावकको सक्रियता र सहयोग कस्तो छ ?

४. विद्यार्थीको सिकाइ उपलब्धि कस्तो छ ?

५. सिकाइ उपलब्धि बढाउन के गर्नुपर्ला ?

६. तपाईको बिचारमा अभिभावकको शैक्षिक लगानीका समस्या र चुनौतीहरू के के हुन् सक्छन् ?

७. अभिभावकको आर्थिक लगानीलाई विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभावकारी बनाउन केके गर्नुपर्छ ?

८. अभिभावकले केकति आर्थिक लगानी गरेका छन् ?

## अभिभावकको लगानीले विद्यार्थीको सिकाइ उपलब्धिमा पारेको प्रभाव

## अनुसूची ७

## प्र.अ.का लागि प्रश्नावली

विद्यालयको नाम: ठेगाना:

प्र.अ.को नाम:

शैक्षिक योग्यता: शिक्षण अनुभव

१. अभिभावकको लगानीहरू के-के हुन् ? कुनै चार वटा उल्लेख गर्नुहोस् ।

२. अभिभावकको आर्थिक लगानीले बालबालिकाको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ । पाँचवटा बुँदागत उत्तर दिनुहोस् ।

३. अभिभावकको सक्रियता र सहयोग कस्तो छ ?

४. विद्यार्थीको सिकाइ उपलब्धि कस्तो छ ?

५. सिकाइ उपलब्धि बढाउन के गर्नुपर्ला ?

६. तपाईको विचारमा अभिभावकको शैक्षिक लगानीका समस्या र चुनौतीहरू के के हुन सक्छन् ?

७. अभिभावकको आर्थिक लगानीलाई विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभावकारी बनाउन केके गर्नुपर्छ ?

८. अभिभावकले के कति आर्थिक लगानी गरेका छन् ?

९. अभिभावकको आर्थिक लगानीले शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

१०. लगानीलाई शैक्षिक उपलब्धि वृद्धि गर्न कसरी प्रयोग गरिएको छ ?